# राष्ट्रिय महिला सामाजिक मञ्च नेपाल

## मार्च ६-९, २००९



तयार पार्ने :

सचिवालय
ओरेक नेपाल, बालकुमारी ललितपुर
पो.ब.न. १३२३३
फोन नं. : ०१-२१२३१२४, ०१-५००६३७३
फ्याक्स नं. : ०१-५००६२७१

# विषय सूची

राष्ट्रिय महिला सामाजिक मञ्च नेपाल २००९, मार्च ६-९ १
१. के हो सामाजिक मञ्च ? १
२) सामाजिक मञ्चको अपरिहार्यता १
३. रा.म.सा.म.को उद्देश्यहरू २
४. सम्पन्न भएका कार्यक्रमहरू २

४.१. पहिलो दिन ३
१. प्रेस विज्ञप्ति ३
२. र्‍याली ४
३. उद्घाटन समारोह ५

४.२. दोस्रो दिन ६
१. सूचनामूलक स्टलहरू ६
२. वृत्तचित्र प्रदर्शनी ६
३. फोटो प्रदर्शनी
७
४. कार्यशाला गोष्ठीहरू ७

४.३. तेस्रो दिन ७
१. ८ मार्चसम्बन्धी जानकारीमूलक प्रस्तुति ७
२. फोटो प्रदर्शनीको उद्घाटन ८
३. कृतिका अभियानको शुभारम्भ ८

४.४ चौथो दिन १०
१. कार्यशाला गोष्ठी १०
२. विविध कार्यक्रम ११
३. राष्ट्रपतिलाई ध्यानाकर्षण पत्र ११
४. समापन समारोह ११
५. रा.म.सा.म.एक निरन्तर सामूहिक प्रक्रिया १२
६. रा.म.सा.म. हालसम्म क्रियाशील १२
७. सहभागीहरू १३
८. निष्कर्ष १३

परिशिष्ट १ : प्रथम राष्ट्रिय महिला सामाजिक मञ्चको घोषणापत्र १४
परिशिष्ट २ : राष्ट्रपतिलाई चिठि १९
परिशिष्ट ३ : कार्यशाला गोष्ठीबाट आएका बुँदाहरू २२

# आयोजक संस्थाहरू

अखिल नेपाल महिला सङ्घ (अनवा)

आरआरएन, आईपास

इरिकन, इन्सेक

एटविन, एचआरडिसि

ओरेक नेपाल,

कन्सर्न, केड

जागरण नेपाल, जिफण्ट

डब्लुएपिपिडिसिए

दलित महिला सङ्घ

नवतारा किशोरी सञ्जाल

नर्सिङ्ग एसोशिएसन नेपाल

नील हिरा समाज

नेपाल महिला एकता समाज

नेशनल फेडरेसन अफ लिभिङ्ग विथ एचआइभी/एड्स

नेपाल अपाङ्ग महिला सङ्घ

नेपाल दलित महिला उत्थान सङ्घ

फेक्ट नेपाल, फेकोफन, भिसिडिसि

महिलाको निम्ति महिला मञ्च नेपाल

महिला अधिकार मञ्च प्रेरणा

मितिनी नेपाल, युथ एक्सन नेपाल

राष्ट्रिय महिला मानव अधिकार रक्षक संजाल

लुमन्ति, वर्किङ्ग वमनस् जोरनालिष्टस्

शक्ति समूह, शक्ति मिलन समाज

सहारा प्लस, सिएसआरसी

सिर्जनशील महिला समूह

सिविन, स्नेह समाज, स्टेप नेपाल, हिमवन्ती

र विभिन्न सङ्घ/संस्थाहरू.................

सहयोग :
जर्मन दूतावास

सचिवालय :
ओरेक नेपाल

## राष्ट्रिय महिला सामाजिक मञ्च नेपाल २००९, मार्च ६-९

“सामाजिक न्याय र समानतामा आधारित लोकतान्त्रिक नेपाल सम्भव छ - हामी बनाउँछौं” भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेपालमा राष्ट्रिय महिला सामाजिक मञ्चको आयोजना गरियो । पहिलोपटक सन् २००९ को मार्च ६-९ (वि.सं.२०६५ फागुन २३-२६) सम्म आयोजना भएको यस मञ्चमा विभिन्न कार्यक्रमहरू समेटिएका थिए ।

### १. के हो सामाजिक मञ्च ?

सामाजिक मञ्च आवाजविहीन, दमित, पछाडि पारिएका समूहहरूको बुलन्द आवाजलाई व्यक्त गर्ने साझा चौतारी हो । ब्राजिलबाट सुरु भएको सामाजिक मञ्चको अभियान भारतको मुम्बई हुँदै पाकिस्तानको कराची, वर्मा, भेनेजुएलाको कराकास, केन्याको नैरोबी, श्रीलङ्का आदि राष्ट्रहरूमा फैलिएको छ । अब आगामी दिनमा दक्षिण एसियाली सामाजिक मञ्चको आयोजना गर्ने अवधारणा आएको छ । विश्व सामाजिक मञ्चको मूल नारा “अर्को संसार सम्भव छ” को मान्यतालाई रा.म.सा.म.ले पनि आत्मसात् गरेको छ ।

सदीयौंदेखि सामन्ती कुसंस्कारको जालोमा अल्झिएको नेपाली शासन व्यवस्थाले गरेका विभेदकारी सामाजिक, आर्थिक तथा राजनैतिक अभ्यासका कारण सीमान्तीकृत वर्गले संयुक्त रूपमा आफ्ना मुद्दाहरूमाथि छलफल गरी उपयुक्त रणनीति बनाउने थलो बनेको छ, रा.म.सा.म. । विश्वव्यापीकरण, खुला बजार तथा नवउदारवादी नीति हावी रहेको आजको सन्दर्भमा सीमान्तीकरणका मुख्य तत्त्वहरूका बारेमा व्यापक छलफल तथा विश्लेषण गर्ने, विश्वव्यापी सवाललाई नेपालको वास्तविकतासँग तुलना गर्ने थलोको रूपमा विकास गर्न रा.म.सा.म.को अवधारणा अघि सारिएको हो । यो मञ्चको मुख्य उद्देश्य सामाजिक न्यायका लागि सामूहिक प्रयत्न तथा समानतामुखी आवाज रहेको छ ।

## २) नेपालमा सामाजिक मञ्चको अपरिहार्यता

आम नागरिकलाई लोकतन्त्रको अनुभूति गराउन नेपाल सरकारले विभिन्न कार्यक्रमहरू तर्जुमा गरेको छ । यस्ता कार्यक्रमहरू सीमान्तीकृत वर्गलाई केन्द्रित गरी ल्याइएका हुन् । राज्यले, जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई संविधान निर्माण प्रक्रियाद्वारा संस्थागत गर्ने प्रयासको थालनी पनि गरेको छ । तर नेपाली समाजमा दिगो रूपले जरा गाडेर बसेको सामन्ती पितृसत्तात्मक मूल्य र मान्यताका छविछाप राजनितिक पार्टीहरू र नागरिक आन्दोलनमा अझै रहेको स्थिति छ ।

नेपाली महिलाले वर्तमान राजनैतिक रूपान्तरण प्रक्रियामा अग्रणी र निर्णायक भूमिका खेलेको कुरा कसैबाट लुक्न सकेको छैन । द्वन्द्वकालीन विषम परिस्थितिमा समेत बुद्धिमत्तापूर्ण भूमिका निर्वाह गरेको, आन्दोलनलाई देशका कुनाकाप्चामा रहेका हजारौं जनताहरूमाझ पुऱ्याउन, दलहरूलाई सङ्गठित हुन र आन्दोलन विस्तार गर्न सहज गराएको र युद्धको स्थितिमा पनि महिलाहरूले खेलेको शान्ति निर्माणकर्ताको भूमिकालाई कसैले बिर्सन मिल्दैन । तर हाल आएर महिलाहरूको योगदान र भूमिकालाई पछाडि पार्ने दुष्प्रयास गरिँदै छ । महिला हिंसाका घटनाहरू एकपछि अर्को गर्दै बाहिर आइरहेका छन् । यसले राज्य अझै पनि महिला अधिकारप्रति पूर्ण जिम्मेवार र संवेदनशील बन्न नसकेको पुष्टि गर्दछ ।

१० वर्ष लामो द्वन्द्वको समयमा विस्थापन, दुर्व्यवहार (मानसिक, शारीरिक, यौनिक) र चरम यातनाको शिकार बन्न पुगेका हजारौं महिलाहरू अझ पनि न्यायको प्रतीक्षामा छन् । महिलासँग सम्बन्धित मुद्दाहरूलाई गौण बनाउने दुष्प्रयास गरिँदै छ । त्यसैले शान्तिलाई दिगो बनाउने र संस्थागत गर्ने हो भने महिलाहरू एकजुट भई राजनीतिक पार्टी र नागरिक समाजलाई झकझक्याउन उनीहरूले ढिलो गर्नुहुन्न ।

महिलाहरू एकजुट हुन, दवावमूलक कार्यक्रम ल्याउन एउटा थलोको आवश्यकता पर्छ। त्यो थलो हो, रा.म.सा.म.।

रा.म.सा.म. एउटा यस्तो थलो हो जहाँ महिलाहरू आफ्नो जीवन, जीविकोपार्जन, मर्यादा, स्वतन्त्रतासँग सम्बद्ध विषयहरूमा छलफल र बहस गरी निष्कर्ष निकाल्छन्। मञ्च संविधान मस्यौदाका लागि सुझाव संकलन गर्ने प्रक्रियालाई सहजीकरण र सहयोग गर्ने थलो भएको छ। महिलाहरूको आधारभूत मानवअधिकारको सम्मान हुने गरी न्यायपूर्ण समाजको निर्माणका लागि नयाँ दृष्टिका साथ दीर्घकालीन रणनीति तर्जुमा गर्न यो मञ्चको आवश्यकता टड्कारो रूपमा देखिएको छ।

रा.म.सा.म. आयोजनाका लागि संयोजन गर्ने सस्थाहरू यसप्रकार रहेका छन्: आरआरएन, इरिकन, ओरेक, दलित महिला सङ्घ, नेपाल अपाङ्ग महिला सङ्घ, नेपाल दलित महिला उत्थान सङ्घ, नेशनल फेडरेशन अफ वमन लिभिङ्ग विथ एचआइभी, महिला अधिकार मञ्च, युथ एक्सन नेपाल, शक्ति समूह।

## ३. रा.म.सा.म.का उद्देश्यहरू

रा.म.सा.म.को उद्देश्य

- महिलाका सवालमाथि छलफल गर्न, महिलाका मुद्दाहरूसम्बन्धी आवाज उठाउन र महिलासम्बन्धी विश्वव्यापी परिवेश र स्थानीय मुद्दाबीच समन्वय गर्दै सामूहिक प्रयत्न गर्ने मञ्चको उद्देश्य हो। यसका साथै यसले महिलाआन्दोलनलाई अझ सशक्त र सबल बनाउन टेवा पुऱ्याउने विश्वास गरिएको छ।

विशिष्ट उद्देश्यहरू

- सामाजिक, सांस्कृतिक रूपान्तरणका लागि महिला अभियान "कृतिका" को शुभारम्भ गर्ने,
- स्वास्थ्यसम्बन्धी अधिकार, जमिनमाथिको अधिकार, महिलामाथि हुने हिंसा र बेचबिखनविरुद्धको अभियान, वास र खानाको अधिकार तथा अपाङ्गता र एचआइभी/एड्ससम्बन्धी विषयमा उठाइने महिलाका आवाजलाई सबल बनाउने ।
- महिला आन्दोलनका उपलब्धिको अभिलेख राख्ने ।
- दिगो शान्ति र सामाजिक तथा राजनैतिक रूपान्तरणका लागि नेपाली महिलाको व्यापक सहभागितामा सम्पन्न सफल आन्दोलनलाई उत्सवको रूपमा मनाउने ।

## ४. सम्पन्न भएका कार्यक्रमहरू

४ दिनसम्म सञ्चालित रा.म.सा.म.का कार्यक्रमहरू निम्नलिखित छन् :

- पत्रकार सम्मेलन
- उद्घाटन समारोह
- विभिन्न विषयगत मुद्दामा कार्यशाला गोष्ठीहरू
- फोटो प्रदर्शनी
- सामाजिक सांस्कृतिक रूपान्तरणका लागि महिला अभियान 'कृतिका' ले तयार पारेको गीति चक्का 'वेग' को विमोचन
- विभिन्न सूचना केन्द्रित स्टलहरू
- समापन समारोह
- घोषणापत्र जारी
- संविधान मस्यौदा समितिहरूलाई घोषणापत्र हस्तान्तरण गर्ने

## ६. रा.म.सा.म.एक निरन्तर सामूहिक प्रक्रिया

महिला अधिकार र सामाजिक न्यायभित्र पर्ने महिलाको स्वास्थ्य, जीविकोपार्जन, जमिन, प्राकृतिक स्रोत साधनमाथिको अधिकार, सुरक्षा, पहिचान, विभेद, हिंसा/अपराध, बास, अपाङ्गता, सहभागिता, प्रतिनिधित्व, सस्कृति लगायतका सवालमा मुलुकभर कार्यरत सङ्घ/संस्थाहरूबाट संयुक्त रूपमा सहजीकरण गर्दै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा पहिलो पटक यस्तो सामाजिक मञ्चको आयोजना गरिएको हो। अन्य ४ विकास क्षेत्रमा सन् २००९ भित्रमा आयोजना गर्ने योजना रहेको छ। राष्ट्रिय महिला सामाजिक मञ्चलाई दक्षिण एसियाली स्तरको सामाजिक मञ्च र अन्त्यमा विश्व सामाजिक मञ्चसँग समायोजन गर्ने योजना रहेको छ।

## ५. रा.म.सा.म. हालसम्म क्रियाशील

रा.म.सा.म.ले ४ दिनसम्म विभिन्न कार्यक्रमहरू मार्फत महिलाका मुद्दालाई उजागर गर्ने काम गऱ्यो । यी कार्यक्रमहरू रा.म.सा.म.का प्रस्थान बिन्दु हुन्, आफ्नो गन्तव्य प्राप्तिका लागि। यी कार्यक्रमहरूबाट आएका निष्कर्षहरू र ५१ वटा जिल्लाबाट





आएका ५००० भन्दा बढी महिलाहरूसँगको छलफलपछि निकालिएका निष्कर्षहरू संविधान सभा अन्तर्गतका समितिहरूमा बुझाउने काम भइसकेको छ।१४

वटा समितिमध्ये ११ वटा विषयगत समितिलाई निष्कर्षहरू बुझाइसकेको छ। सुझाव बुझाइएका ११ वटा समितिहरू यस प्रकार छन्।

| क्र.स. | समितिको नाम | सभापति |
|---|---|---|
| १. | संवैधानिक | मा. श्री माधवकुमार नेपाल |
| २. | मौलिक अधिकार तथा निर्देशक सिद्धान्त | मा. श्री बिन्दा पाण्डे |
| ३. | अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको हक अधिकार संरक्षण | मा. श्री लालबाबु पण्डित |
| ४. | राज्यको पुनःसंरचना र राज्यशक्तिको बाँडफाँड | मा. श्री लोकेन्द्र बिष्ट मगर |
| ५. | व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण | मा. श्री रमेश रिजाल |
| ६. | राज्यको शासकीय स्वरूप निर्धारण | मा. श्री शम्भु हजारा दुसाध |
| ७. | न्याय प्रणाली सम्बन्धी | मा. श्री प्रभु साह तेली |
| ८. | संवैधानिक निकायको संरचना | मा. श्री गोविन्द चौधरी |
| ९. | प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड | मा. श्री अमृता थापा मगर |
| १० | सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण | मा. श्री नवोदिता चौधरी |
| ११ | राष्ट्रिय हितको संरक्षण | मा. श्री अमिक शेरचन |

## ७. सहभागीहरू

रा.म.सा.म. सामान्य रूपमा महिलाका साझा सवाल वा आवाज उठाउने तथा सामूहिक कार्यमा जोड दिने राष्ट्रिय कार्यक्रम हो । यस कार्यक्रममा विशेष रूपमा समुदायस्तरमा काम गरिरहेका सीमान्तीकृत समुदायका महिला, तेस्रो लिङ्गी, जीविकोपार्जन अधिकार, पहिचान र संस्कृति आदि सवालमा काम गरिरहेका ५१ जिल्लाबाट आएका ५००० भन्दा बढी महिला सहभागी थिए । आफ्ना अनुभवहरू राख्ने साझा मञ्च भएकाले महिला, पुरूष, बालबालिका तथा तेस्रो लिङ्गी सबै सामाजिक मञ्चमा सहभागी थिए । तर पुरूष र बालबालिकाहरूले पर्यवेक्षकका रूपमा भाग लिएका थिए । सभासद् तथा नागरिक समाजका व्यक्तिहरू अतिथिका रूपमा, प्रशिक्षक, सहजकर्ता र संयुक्त आयोजकहरू विभिन्न विषयगत कार्यशाला गोष्ठीहरूमा सहभागी भएका थिए ।

## ८. निष्कर्ष

रा.म.सा.म आवाजविहीन, दबाइएका र सीमान्तीकृत वर्ग सबैको साझा थलो हो । अहिले संविधान निर्माण प्रक्रिया जारी रहेकाले र सभासद्हरू सुझाव सङ्कलनमा लागेकाले रा.म.सा.म.ले पनि महिला मुद्दा केन्द्रित सुझावहरू सभासद्लाई बुझाउन पाउनु ठूलो उपलब्धि भएको छ साथै महिलाका मुद्दाहरूसम्बन्धी विभिन्न कार्यशाला गोष्ठीको छलफलबाट निस्केका निष्कर्षहरू संविधान सभा अन्तर्गतका समितिमा बुझाउन पाउनु रा.म.सा.म.को सबैभन्दा उपलब्धिपूर्ण पक्ष हो । अर्को महत्त्वपूर्ण पक्ष भनेको विभिन्न आन्दोलनमा संलग्न महिलाले आफ्ना भावनाहरू एकैठाउँमा बसेर साटासाटा गर्ने मौका पाएका थिए भने उनीहरूले पनि यो मञ्चलाई आफ्ना समस्या राख्ने र समाधानको खोजी गर्ने साझा थलोको रूपमा अनुभूत गरी भरपुर उपयोग गरिरहेका थिए । धार्मिक, सांस्कृतिक, सामाजिक, राजनैतिक लगायतका कुरामा महिलाहरूलाई पछाडि पारिएकै कारण समाजमा पुरूषवादी सोचाइ हावी भएको हो भन्ने कुरामा सामाजिक मञ्जमा सहभागी सबै महिला एकमत थिए ।

## (क) पहिलो दिन

**पहिलो दिन निम्नलिखित कार्यक्रमहरू सम्पन्न भएका थिए ।**

### १. प्रेस विज्ञप्ति

पछिल्लो पटक सूचना, प्रविधि र संचारमा आएको क्रान्तिले सिङ्गो विश्वलाई एउटा गाउँमा परिणत गरिदिएको छ । विश्वको कुनै पनि कुनामा भएको घटना विश्वभरिका मानिसले सँगसँगै थाहा पाउन सक्छन् । त्यसैले कुनै पनि जानकारी, सूचना समाचार सम्प्रेषण गर्ने प्रमुख माध्यम सञ्चार भएको छ । रा.म.सा.म.बाट आयोजित प्रेस विज्ञप्तिमा पनि यस्तै कुराहरू उल्लेख गरिएको थियो । पत्रकार सम्मेलनमा NGO, INGO र विभिन्न सञ्चारकर्मीलाई निमन्त्रणा गरिएको थियो । आमन्त्रित सहभागीहरूमाझ रा.म.सा.म.को परिचय, नेपालमा यसको आवश्यकता र उद्देश्यमाथि प्रकाश पारिएको थियो ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलन र शान्ति पूर्ण रूपमा सम्पन्न भएको संविधानसभाको निर्वाचनमार्फत नेपाल लोकतान्त्रिक गणतन्त्रतर्फ लम्किरहेको परिस्थितिमा आम नेपाली जनतालाई परिवर्तनको आश लाग्नु स्वाभाविकै हो । यो ऐतिहासिक कदममा महिलाहरूको योगदान ऐतिहासिक र साहसिक थियो । ०६२/०६३ को जनआन्दोलन मात्र होइन नेपालमा भएका अन्य आन्दोलनहरूमा पनि महिलाले अदम्य साहस देखाएका थिए ।



निश्चय पनि अहिले

नेपाल, सामन्ती एकात्मक राज्य प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रूपान्तरण हुने क्रममा छ। समावेशी राज्य प्रणालीमा रूपान्तरण हुँदै छ। तर नेपाली समाजमा २ सय ४० वर्षदेखि जरा गाडेर बसेको सामन्ती पितृसत्तात्मक मूल्य र मान्यताका अवशेष राजनितिक पार्टी र नागरिक आन्दोलनमा अझै विद्यमान छ। यसले नेपाली महिलाहरूले वर्तमान राजनितीक रूपान्तरण प्रक्रियामा अग्रणी र निर्णायक भूमिका खेलेको कुरा ओझेलमा पर्न सक्ने सम्भावना देखिएको छ। त्यसैले यसका लागि महिलाको मात्र सहभागिता एवम् ऐक्यबद्धता हुनुभन्दा सबैको सहभागिता हुनु आवश्यक छ। अझ त्यसमाथि महिला आन्दोलनका मुद्दा र आन्दोलनको आवश्यकताका कुरालाई सञ्चार माध्यमले जनतासमक्ष ल्याउन ठूलो भूमिका निर्वाह गर्न सक्छन्।

यिनै उद्देश्यले मार्च ६ तारिखका दिन पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। यसमा कतिपय सञ्चारकर्मीले आफ्ना जिज्ञासा पनि राखेका थिए।

२. र्‍याली

कुनै पनि अभियानसम्बन्धी आमनागरिकलाई जानकारी गराउने विभिन्न माध्यम छन्। त्यसमध्ये र्‍याली प्रभावकारी माध्यम हो।



यसकालागि रा.म.सा.म. ले पनि र्‍यालीको आयोजना गरेको थियो। मार्च ६ तारिखमा काठमाण्डौंको प्रदर्शनी मार्गस्थित नेपाल ल क्याम्पसमा विभिन्न जिल्लामा विभिन्न

आन्दोलनलाई प्रतिनिधित्व गर्दै आएका करिब २००० महिला र्‍यालीमा सहभागी बनेका थिए ।

रा.म.सा.म.को ब्यानरसहित सुरु भएको र्‍यालीले मुलुकको बहुजाति र बहुसांस्कृतिक पक्षलाई राम्ररी झल्काएको थियो। र्‍यालीमा यिनै कुरा आत्मसात् गरी उपस्थित विभिन्न जातजातिका महिलाहरूले आफ्नो परम्परागत पोसाक सहित बाजा गाजा बजाएका थिए । र्‍यालीको अग्रस्थानमा नेवारी पोसाकमा सजिएका महिलाले धिमे बाजा बजाएका थिए। र्‍यालीमा विभिन्न नारा लेखिएका प्लेकार्ड महिलाहरूले बोकका थिए । प्लेकार्डमा लेखिएका नारा बटुवाहरूले समेत उत्साहका साथ पढेका थिए ।

आन्दोलन सफल पार्न आफू-आफूमा भएका प्रतिभाहरू लिई उठ्नु पर्दछ । गीत हुनेले गीत लिएर, औजार हुनेले औजार लिएर, केही नहुनेले आवाज लिएर आन्दोलनमा उठ्नुपर्छ र त्यसलाई सफल पार्न निरन्तर क्रियाशील रहनु पर्दछ। यही कुरालाई मनन गरेर र्‍यालीमा सहभागी महिलाहरू आफ्ना मुद्दाहरूको जानकारी गीत, नृत्य, बाजा र नारामार्फत गराएका थिए । सो र्‍याली वसन्तपुरको डबलीमा पुगी भेलामा परिणत भएको थियो ।

३. उद्घाटन समारोह

उद्घाटनको मुख्य आकर्षण सङ्गीत, कला र प्रकाशको समन्वय थियो ।

उद्घाटन समारोहमा पनि महिलाहरू उत्तिकै उत्साहपूर्वक ढङ्गले सहभागी थिए। अझ यसलाई थप ऊर्जा भर्न मधु गरुङको मधु गुरुङको विभिन्न महिला मुद्दासम्बन्धी गीतले सशक्त भूमिका खेल्यो । कुल जनसङ्ख्याको ५१ प्रतिशत महिलाको जनसङ्ख्या भए पनि महिलाले आफ्नो अधिकार प्राप्त गर्न भने अझै पनि धेरै सङ्घर्ष गर्न बाँकी छ। यिनै भावहरू समेटेका गीतले उपस्थित महिलाहरूलाई मात्र होइन पुरुषहरूलाई पनि सोच्न बाध्य तुल्याएको अनुभव

भएको थियो ।



त्यति मात्र होइन महिलाको आवास अधिकार, सुकुम्वासी महिलाको अधिकार, मधेसी अधिकारबारे तत् तत् क्षेत्रमा कार्यरत महिलाहरूले आफ्ना मुद्दा र समस्या सबै सामु राखेका थिए । यस उद्घाटन समारोहमा रा.म.सा.म.काउद्देश्यमाथि प्रकाश पार्दै उपस्थित सबैलाई ऐक्यबद्धता जनाउन आह्वान पनि गरिएको थियो ।

## (ख) दोस्रो दिन

दोस्रो दिन अर्थात् मार्च ७ का कार्यक्रमहरू स्टाफ कलेजमा सम्पन्न भएका थिए ।

### १. सूचनामूलक स्टलहरू



हरेक कुरामा सुसूचित हुन पाउनु नागरिकको मौलिक अधिकार हो । सामूहिक समस्या, आफ्नो अधिकारबारे जानकारी राख्न पाउनु पनि अधिकार क्षेत्रभित्र पर्दछ । अझ

त्यसमाथि महिलाहरूका समस्या, महिलाको अधिकार, उनीहरूलाई राज्यका हरेका संरचनामा समानुपातिक सहभागिता गराउने विषयमा राज्य उदासीन रहेको सन्दर्भमा यी विषयवस्तुमा प्रत्येक नागरिक सजग र सचेत हुनु जरुरी छ । सामाजिक मञ्चमा राखिएका १७ वटा स्टलहरू यिनै सूचनामा आधारित थिए । विशेषत रा.म.सा.म.बारे जानकारी, पाठेघर खस्ने समस्या, महिला अधिकार, भूमि अधिकार, आवास अधिकार आदिसम्बन्धी सूचनाहरू थिए ।

## २. फोटो प्रदर्शनी

वृत्तचित्र प्रदर्शनीकै शीर्षक र उद्देश्य रहेको फोटो प्रदर्शनीको सङ्कलन विभिन्न सङ्घ/संस्थाबाट भएको थियो । यो पनि मार्च ७, ८ र ९ सम्मै प्रदर्शन भएको थियो । जनआन्दोलन तथा आन्दोलनका विभिन्न पक्षहरूमा महिलाहरूको दरो सहभागिता रहनुका साथै वर्तमान राजनैतिक रूपान्तरण प्रक्रियामा महिलाले निर्णायक र शान्ति निर्माणकर्ताको भूमिका खेलेकोले नै समाजमा गतिशीलता कायम रह्यो भन्ने सत्यको उजागर प्रदर्शनीमा राखिएका तस्बिरहरूले गरेका



थिए ।

राजनैतिक रूपातन्तरणपछि पनि महिलामाथि हुने हिंसा जारी रहेको, जल, जमिन र जङ्गलमा महिलाको अधिकार सुनिश्चित नगरिएको, महिलाको श्रमको उचित मूल्याङ्कन नभएको झलक तस्बिरहरूले समेटेका थिए । तस्बिर अवलोकनपछि यी कुरामा राज्य संवेदनशील र जिम्मेवार नभएको आभास सबैलाई भएको थियो ।

३. वृत्तचित्र प्रदर्शनी

लोकतान्त्रिक गणतन्त्रका लागि महिला आन्दोलन शीर्षकको वृत्तचित्र मार्च ७ देखि ९ तारिखसम्म प्रदर्शन गरिएको थियो । वृत्तचित्र विभिन्न सङ्घ/संस्थाबाट सङ्कलन गरिएको थियो । वृत्तचित्र प्रदर्शनका उद्देश्य यसप्रकार रहेका छन् -

१. ऐतिहासिक आन्दोलनमा महिलाको सहभागिता र योगदानका बारेमा महिलाको साहसिक कामको जानकारी दिन ।
२. राजाले सत्ता हत्याएदेखि हालसम्मका आन्दोलनमा महिलाको सहभागिताबारे जानकारी गराउन ।
३. लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि महिलाहरूको अतुलनीय योगदान र आन्दोलनमा सहभागिताबारे अभिलेख राख्न ।

४. कार्यशाला गोष्ठीहरू

मार्च ७ र ९ गरी दुई दिनसम्म स्टाफ कलेजमा महिलाका विभिन्न मुद्दामा केन्द्रित १६ वटा सामानान्तर गोष्ठी भएका थिए । यी गोष्ठीहरूबाट निक्लेका निष्कर्षहरू परिशिष्टमा समावेश गरिएका छन् ।

### (ग) तेस्रो दिन

९९ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्च अर्थात् ०६६ फागुन २५ गते नेपालमा विभिन्न सङ्घ/संस्थाले आ-आफ्नै किसिमले मनाए । रा.म.सा.म.ले पनि आफ्ना पूर्वनिर्धारित कार्यक्रमहरू सञ्चालन गऱ्यो जुन निम्नलिखित छन्-

१. ८ मार्चसम्बन्धी जानकारीमूलक प्रस्तुति

८ मार्च त्यस्तो दिन हो जुन सबै श्रमिक महिला एक जुट भई आफूमाथि हुँदै आएको शोषणविरुद्ध आवाज उठाएर सङ्घर्षको सुरुवात गरेको दिन थियो । त्यसैको संस्मरण रुवरुप विश्वभरिका श्रमिक महिलाहरूले आफ्नो अधिकारका लागि विश्वव्यापी रूपमा एकसाथ आवाज उठाउन ८ मार्चलाई विशेष अभियान सहित मनाउने गरेका हुन् ।

नेपालमा पनि ८ मार्चका दिन श्रमिक महिलाहरूले विभिन्न कार्यक्रमहरू गरी मनाउँदै आएको पाइन्छ । महिला आन्दोलन अगुवाईको चर्चा गर्ने, महिला आन्दोलनमाथि विश्वास राख्ने, महिला आन्दोलनलाई आफ्नो अधिकार प्राप्त गर्न अथक रूपले निरन्तरता दिनुपर्छ भन्ने मान्यता राख्ने रा.म.सा.म.ले पनि ८ मार्चको इतिहासलाई फेरि चर्चाको शिखरमा पुऱ्यायो ।

रा.म.सा.म.ले ८ मार्चको उद्गम स्थल, यसको महत्त्व, नेपालमा यो दिवस कहिलेदेखि र किन मनाउन थालियो भन्ने चर्चा यस दिन गरेको थियो भने नेपालमा महिला आन्दोलनको आवश्यकताका विषयमा पनि चर्चा गरेको थियो ।
२. फोटो प्रदर्शनीको उद्घाटन

यस दिन पनि फोटो प्रदर्शनी भएको थियो । अघिल्लो दिन जस्तै अवलोकन कर्ताले फोटो प्रदर्शनी उत्साहपूर्वक अवलोकन गरका थिए । प्रदर्शनीमार्गस्थित

राष्ट्रिय सभागृहमा राखिएको फोटो प्रदर्शनी तथा ग्रामीण महिला झल्काउने विभिन्न प्रतीकहरूको प्रदर्शनीको उद्घाटन अतिथिद्वय सहाना प्रधान र चित्रलेखा यादवले गर्नुभएको थियो ।

३. कृतिका अभियानको शुभारम्भ
कृ : कृपामा बाँच्न चाहन्नौं
ति : तिरस्कार सहँदैनौं
का : कार्यमा जुझिरहन्छौं

'कृतिका' यिनै कुराहरूको सङ्क्षिप्त रूप हो । अभियानले जुझारूपनको संज्ञा दिन्छ । 'कृतिका' को अर्थले त्यही साहसी कुरा बोलिरहेको छ, सांस्कृतिक रूपान्तरणका लागि महिला आन्दोलन सफल पार्न । यसका लागि हाम्रो व्यवहार, सोचाइ, काम गराइमा परिवर्तन हुनुपर्दछ भन्ने सन्देश यो अभियानले दिएको छ ।

सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न विभिन्न माध्यम अपनाउन सकिन्छ । तर 'कृतिका'ले गीत, सङ्गीत र नृत्यलाई आफ्नो अभियानको माध्यम बनाएको



छ । 'वेग' गीति चक्का यही अभियानको थालनी हो ।

महिला आन्दोलनमा अग्रणी भूमिका निभाउने सहाना प्रधान, पूर्व उपसभामुख चित्रलेखा यादव, सभासद् इन्द्रमाया गुरुङ, डा.मीना आचार्य, तत्कालीन ओरेकका उपाध्यक्ष गङ्गा कसजु, डा.रेणु राजभण्डारी, गायकद्वय रामेश र रायन लगायतका अतिथिहरूले 'वेग' र महिला हिंसा अन्त्यका लागि लोकदोहोरी गीति चक्काको लोकार्पण गर्नुभएको थियो ।

सहाना प्रधान जो २००७ सालदेखि हालसम्मका आन्दोलनको अगुवाइ गर्दै आउनुभएका जुझारु महिलाका प्रतीक, चित्रलेखा यादव तत्कालीन राजा जो ज्ञानेन्द्रले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरी विघटन गरेको प्रतिनिधिसभाका उपसभामुख अनि सडक संसद् सञ्चालन गर्न हिम्मत गर्ने साहसी महिलाको प्रतीक, अपाङ्ग महिलाको प्रतिनिधि पात्र सभासद् इन्द्रमाया गुरुङ, जनगायकद्वय रामेश र रायन पञ्चायतकालीन निरङ्कुशतन्त्र उखेल्न गाउँगाउँमा गीत, सङ्गीतका माध्यमबाट जनचेतना जगाएका अभियन्ता आदिको उपस्थितिले मञ्चमा छुट्टै रौनक छाएको थियो ।

'कृतिका' हामी सबैको सपना हो, विश्वास हो । यो कुनै NGO (गैर सरकारी संस्था) होइन, यो कुनै Project (परियोजना) पनि होइन, यो आन्दोलन हो, यो अभियान हो, सामाजिक-सांस्कृतिक रूपान्तरणका लागि एउटा क्रान्तिकारी कदम हो । समाज परिवर्तन राजनैतिक परिवर्तनले मात्र सम्भव छैन । सबैको सोच, काम गराइमा परिवर्तन



आई व्यवहारमा लागू हुनु पर्दछ । यदि यस्तो भएन भने नयाँ नेपाल पनि पुरानै मानसिकताका कारण परिवर्तन हुन सम्भव छैन । पुराना रूढिवादी मान्यताबाट सदीयौंदेखि पिल्सिन बाध्य महिला नेपालले मुहार फेरेको बेलामा आफ्नो स्थितिमा पनि फेरबदल गर्न कटिबद्ध हुनुपर्छ। अन्यथा पुरानै स्थितिमा गुज्रनुपर्ने हुन्छ। पुरानो स्थितिबाट उक्सनुपर्छ भन्ने आजको युगको मागलाई आत्मसात् गरी कृतिका अभियानको बीजारोपण भयो र गीति चक्का 'वेग' ले जन्म लियो । वेग सार्वजनिकीकरण समारोहमा यिनै भावहरू राख्नुभएको थियो डा.रेणु राजभण्डारीले ।

गीत, सङ्गीत सन्देश प्रसारण गर्ने एउटा सशक्त माध्यम हो । गीत, सङ्गीतबाट मानिसको भावना सजिलै बुझ्न सकिन्छ। गीत, सङ्गीत सुनेर साधारणीकरण गरे भावुक गीतले रूवाउँछ र कमजोर बनाउँछ । अलि उत्साहजनक र क्रान्तिकारी गीतले जोस जाँगर र उत्साह थप्छ । यिनै कुरालाई आत्मसात् गरी 'वेग' मा उठ्नुपर्ने, जुट्नुपर्ने, आफ्नो अधिकार प्राप्तिका लागि लड्नुपर्ने जस्ता ८ वटा क्रान्तिकारी गीत समावेश छन्। यी क्रान्तिकारी गीतले सबै महिलालाई आन्दोलनमा सहभागी हुन र ऐक्यबद्धता जनाउन जुरुजुरु उठाउन सक्छन्, उनीहरूलाई उत्साह थप्न सक्छन् ।

वेगको परिभाषा शीघ्र गति हो, काममा लागिरहने कर्ता पनि हो अनि धक्का पनि हो। मानवअधिकार तथा नागरिकका मौलिक स्वतन्त्रताको संरक्षण तथा संवर्द्धन गर्न, पितृसत्तात्मक सामाजिक संरचनाहरूले प्रतिपादन गरेका मूल्य र मान्यताको साङ्लो चुँडाल्न गीतका प्रत्येक शब्द-शब्द समाजमा धक्का दिने खालका छन् । गीतहरूले काममा इमानदारपूर्वक लागिरहने श्रमिक महिला हुन् भन्ने सन्देश दिएका छन्। अल्पसङ्ख्यक, अपाङ्ग महिलालाई पनि आफ्नो अधिकार खोज्न, असमावेशी राज्यबाट समावेशी अर्थात् समतामूलक समाजको स्थापना शीघ्र गतिले हुनुपर्छ भन्ने आवाज वेगमा समावेश गीतहरूले उठाएका छन्। गीतहरूमा महिलाका दु:ख, पीडा पनि समेटिएका छन्। त्यो पीडालाई शक्ति र दृढ सङ्कल्पमा परिणत गर्न यो गीति चक्का जनताका घर-घरमा

पुग्नेछ, खेत-खेतमा, खला-खलामा पुग्नेछ । गाउँमा यस्तो समूहको अभावपूर्ति हुनेछ भन्ने विश्वास कृतिका अभियानले लिएको छ ।

गीत, सङ्गीत, नृत्य, कविता जस्ता सिर्जनात्मक अभिव्यक्ति हाम्रो अधिकार प्राप्तिका लागि सबैभन्दा बलियो अस्त्र भएको भन्ने भावहरू समेट्दै डा.मीना आचार्यले 'वेग' को समीक्षात्मक टिप्पणी गर्नुभएको थियो ।

कृतिका अभियान आफैमा अत्यन्त प्रभावकारी रहेको कुरा अर्का अतिथि चित्रलेखा यादवले भन्नुभयो । उहाँले अगाडि भन्नुभयो- जुन मर्म, सन्देश कृतिकाले बोकेको छ, यो केवल नृत्य र गीतले मात्र पूर्ण हुँदैन, यसको लागि हामी सबैमा सङ्कल्पको जरुरी छ । ५२% जनसङ्ख्यालाई ओझेलमा पारेर नयाँ नेपाल बन्दैन । संविधान लेख्ने प्रक्रिया सुरु भएकोले संविधानका लागि महिला होइन, महिलाका लागि संविधान बन्नुपर्छ । मन्तव्यका अन्त्यमा उहाँले कृतिका अभियान हामी सबैको साझा अभियान भएको भन्दै कृतिका अभियानका लागि ऐक्यबद्धता जनाउनुभयो ।

वेग गीति क्यासेट सार्वजानिक समारोहमा लक्ष्मी मालीले 'आमा तिम्रो नाम के हो ?' शीर्षकको कविता वाचन गर्नुभएको थियो । कवितामा पितृसत्तात्मक समाजमा आमाको अधिकार आफ्ना छोराछोरीमाथि नभएकाले आमाले आफ्नो नाम कतै पनि लेख्नु नपरेको स्थितिको चित्रण व्यङ्ग्यात्मक रूपमा आएको थियो ।

यसै क्रममा गङ्गा कसजु, सभासद इन्द्रमाया गुरुङ, सहाना प्रधान, रायन, रामेशले पनि महिला आन्दोलन अपरिहार्य रहेको भन्दै अधिकारका लागि आन्दोलन अति आवश्यक भएकाले यसलाई अघि बढाउने काममा आफूहरूको सधैं सहयोग रहने प्रतिबद्धता जनाउनुभएको थियो ।

आधाभन्दा बढी जनसङ्ख्या भएका महिलालाई विभिन्न बहानामा समाजले

गर्ने विभेद अझै जस्ताको तस्तै छ । संविधानले प्रत्याभूति गरेको राज्यका हरेक संयन्त्रमा एक तिहाइ महिलालाई सहभागी गराउने काममा राज्य गम्भीर नभएको अनुभव महिलाहरूले गरेका छन् । महिलाहरूको लक्ष्य पनि जनसंख्याको आधारमा हरेक ठाउँमा समानुपातिक सहभागिता नै हो । यो शताब्दीलाई समानताको शताब्दी बनाउन महिला एक हुनुपर्छ । महिला अधिकार सुनिश्चित नभएसम्म मुलुक समृद्ध हुन सक्दैन भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । महिला अस्तित्वको सम्मान गर्ने राष्ट्र निर्माणका लागि र महिला अस्तित्व सहितको गौरवशाली जीवन जिउन सांस्कृतिक आन्दोलन हुनु जरुरी छ । कृतिका अभियान यही आन्दोलनको थालनी भएको मधु गुरुङ्ले स्पष्ट पार्नु भएको थियो । उहाँले सांस्कृतिक कार्यक्रममा “यो धर्ती यो आकाश आधा हिस्सा हाम्रै हो” भन्ने गीत र वेग गीति चक्कामा भएका अन्य गीत पनि गाउनुभएको थियो । गीत तथा नृत्यले आवाजविहीन, अपाङ्ग महिलाको प्रतिनिधित्व गरेको थियो ।

प्रेम, मायाजस्ता शब्दविनाको गीत हुन्छ र ? प्रेममा आशक्त र विरक्त भएको बाहेक गीत बन्छ र ? भन्ने प्रश्नलाई वेगमा सङ्गृहीत गीतहरूले राम्रो जवाफ दिएका छन् । वेगका गीतहरूले, गीत सङ्गीत समाज परिवर्तनको संवाहक हुन् भन्ने उदाहरण प्रस्तुत गरेका छन् भने जीवनको दुःख, असफल प्रेमको परिणति र नियति मात्र होइन भन्ने जवाफ पनि दिएका छन् ।

### (घ) चौथो दिन

चौथो दिन अर्थात् अन्तिम दिन मार्च ९ तारिखका दिन विभिन्न कार्यक्रमका

साथ सम्पन्न भएको थियो ।

१. कार्यशाला गोष्ठी

विभिन्न ५ विषयहरूमा कार्यशाला गोष्ठी सम्पन्न भएका थिए । कार्यशालाका विषयहरू :

१. मानव बेचबिखनसम्बन्धी समस्या, चुनौती र सवालहरू
२. महिलामाथि हुने हिंसा र महिला मानवअधिकार रक्षकहरूमाथि हुने हिंसा
३. जीविकोपार्जनका सवालहरू र आर्थिक, सामाजिक तथा राजनैतिक अधिकार
४. प्राकृतिक स्रोतमाथि ग्रामीण महिला अधिकारका लागि संवैधानिक र कानुनी रूपान्तरणका पक्षहरू
५. महिला-स्वास्थ्य

२. विविध कार्यक्रम

आन्दोलनलाई प्रतिनिधित्व गर्ने १७ वटा सूचनामूलक स्टलहरू, लोकतान्त्रिक






आन्दोलनमा महिलाहरूको सहभागिता दर्साउने छायाँचित्रहरूको प्रदर्शनी तथा वृत्तचित्रहरू यस सामाजिक मञ्चको विशेष आकर्षण रहेका थिए । कार्यक्रम कलाकारहरूको चित्र र सङ्गीतबाट थप आकर्षण भएको थियो । यस सामाजिक मञ्चमा विभिन्न कलाकारहरूबाट चित्र, विभिन्न भाषाका सङ्गीतहरू प्रस्तुत गरिएका थिए ।

३. राष्ट्रपतिलाई ध्यानाकर्षण-पत्र

राष्ट्रपति रामवरण यादवलाई महिला हिंसा विरूद्ध उच्चस्तरीय आयोग गठन गर्न, देशमा शान्ति सुरक्षा कायम गर्न, प्रत्येक जिल्लामा सुरक्षित वासको व्यवस्था गर्न, महिला मानवअधिकार रक्षकहरूलाई सुरक्षा प्रदान गर्न र बन्द चक्का जाम अन्त्य गर्न उपयुक्त पहल गर्नुपर्ने अनुरोध सहितको ध्यानाकर्षणपत्र र रा.म.सा.म.को टोलीले एक वर्षदेखि विभिन्न जिल्लाबाट सङ्कलन गरिएका २ लाख हस्ताक्षर हस्तान्तरण गरिएको थियो । (सो ध्यानाकर्षण-पत्र परिशिष्टमा समावेश गरिएको छ) राष्ट्रपतिलाई रा.म.सा.म.को उद्देश्य, यसको आवश्यकता



बारे पनि जानकारी गराइएको थियो । महिलाहरूका यी सबै मुद्दामा आफु सकारात्मक रहेको भन्दै राष्ट्रपतिले ऐक्यबद्धता जनाउनुभएको थियो ।

### ४. समापन समारोह

मार्च ७ र ९ गरी दुई दिनसम्म आयोजित विभिन्न कार्यशाला गोष्ठीमा सहभागी भएका महिला प्रतिनिधिहरूले आफ्ना मुद्दाहरू सङ्क्षिप्त रूपमा सभासद् तथा नागरिक समाजका अगुवाहरूमाझ राखेका थिए ।

नागरिक समाजका तर्फबाट श्याम श्रेष्ठ, पद्मा माथेमा, चरण प्रसाईं र भैरव रिसाल अनि सभासद्हरूमा सत्य पहाडी, वर्षमान पुन, सुनिलबाबु पन्त र धर्मशिला चापागाईं सहभागी हुनुहुन्थ्यो । यस समापन समारोहमा विभिन्न जिल्लाबाट आएका महिला आन्दोलनका अगुवा महिलाहरू, राजनैतिक पार्टीका प्रतिनिधिहरू, विभिन्न सङ्घ/संस्थाका प्रतिनिधिहरू, पत्रकार तथा विद्यार्थीहरू पनि सहभागी थिए । बीचबीचमा गीति चक्कामा सङ्गृहीत गीति प्रस्तुती कृतिका अभियानकर्ताहरूले गरेका थिए । समापन समारोहको सबैभन्दा महत्त्वपूर्ण पक्ष घोषणा-पत्र थियो । १३ बुँदे घोषणापत्र जारी गरी घोषणापत्रमा अपुग पक्षबारे



पनि समापन समारोहमा छलफल भएको थियो ।

यसै अवसरमा नागरिक समाजका अगुवा तथा सभासद्हरूले आ-आफ्नो मन्तव्य राखेका थिए भने अन्त्यमा घोषणापत्र सभासद्हरूलाई हस्तान्तरण गरी कार्यक्रमको समापन गरिएको थियो । (जारी गरिएको घोषणापत्र परिशिष्टमा समावेश गरिएको छ ।)

## परिशिष्ट १. प्रथम राष्ट्रिय महिला सामाजिक मञ्चको घोषणा-पत्र

१) ९९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ६ देखि ९ मार्च २००९ (२०६५ फाल्गुन २३ गते देखि २६ गते सम्म)मा काठमाडौँमा देशका विभिन्न भाग एवम् आन्दोलनलाई प्रतिनिधित्व गर्दै भेला भएका ५००० भन्दा बढी हामी नेपाली महिला एवं तेस्रो लिङ्गी, आफ्ना विभिन्न पहिचानका साथ समानता र सामाजिक न्यायमा आधारित नयाँ नेपाल सम्भव छ – हामी बनाउँछौं भन्ने आफ्नो विश्वासलाई मूल नाराका रूपमा लिई भेला भएका छौं । हामी हाम्रो देश समानता र सामाजिक न्यायमा आधारित लोकतान्त्रिक गणतन्त्रमा पूर्ण रूपले रूपान्तरित हुन्छ भन्नेमा विश्वस्त छौं र त्यसका लागि प्रतिबद्ध छौं ।

२) नेपाल अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । सबै सरोकारवालाहरूको संवेदनशील र जिम्मेवार प्रयासले मात्र नेपाललाई सामन्ती एकात्मक राज्य प्रणालीबाट सङ्घीय लोकतान्त्रिक नेपालमा रूपान्तरण गर्न सकिन्छ। असमावेशी राज्यलाई समावेशी र सामन्ती शासन प्रणालीबाट समतामूलक राज्य प्रणालीमा रूपान्तरण गर्न सकिन्छ । तर निश्चय पनि यो कार्य कम चुनौतीपूर्ण छैन । शक्ति र उत्पादन सम्बन्धको स्वामित्वको रूपान्तरण विना राजनीतिक रूपान्तरणले मात्र राज्य पुन:संरचनाबाट हामीले गर्न खोजेका उपलब्धिहरू हासिल गर्न सक्दैनौं ।

३) जनतालाई प्राप्त उपलब्धि र दैनिक जीवनमा लोकतन्त्रको अनुभूति गराउन नेपाल सरकारले विभिन्न कार्यक्रमहरू तर्जुमा गरेको छ । यस्ता कार्यक्रमहरू सीमान्तीकृत वर्गलाई केन्द्रित गरी ल्याइएका छन् । राज्यले

प्राप्त परिवर्तनलाई संविधान निर्माण प्रक्रियाद्वारा संस्थागत गर्ने प्रयासको थालनी पनि गरेको छ । निश्चय पनि यी उपलब्धि एवम् प्रयासहरूले नेपाली जनताका सपनाहरू यथार्थतामा परिणत हुने छन् भन्ने आशा जगाएको छ । तर नेपाली समाजमा दिगो रूपले जरा गाडेर बसेको सामन्ती पितृसत्तात्मक मूल्य र मान्यताबाट राजनीतिक पार्टी र नागरिक आन्दोलन पनि अछुतो रहन सकेका छैनन् । यसले परिवर्तनलाई आत्मसात् गर्न चाहने हाम्रो उद्देश्यमा अप्ठ्याराहरू सृजना गरिरहेको वास्तविकता हामीले अनुभूत गरिरहेका छौँ । नेपालको भू-राजनीतिक अवस्था र नव उदारवादी नीतिहरूको सरकारी संरचनाहरूको उपस्थिति हुँदाहुँदै पनि सरकारले उल्लिखित चुनौतीहरू सामना गर्न गहन विश्लेषण, एकीकृत र ठोस प्रयासहरू थाल्नुपर्ने आवश्यकता देखिन्छ ।

४) नेपाली महिलाहरूले वर्तमान राजनैतिक रूपान्तरण प्रक्रियामा अग्रणी र निर्णायक भूमिका खेलेका छन् । द्वन्द्वकालीन विषम परिस्थितिमा प्रगतिवादी नेताहरू देशका कुनाकाप्चामा रहेका हजारौँ जनताहरू माझ पुग्न, सङ्गठित हुन र आन्दोलन विस्तार गर्नको लागि महिलाहरूले खेलेको बुद्धिमत्तापूर्ण भूमिकाले सहज गराएको यथार्थता हामी सबैको सामु छ । यसका साथै देश युद्धको स्थितिमा रहेको बखतमा समेत महिलाहरूले शान्ति निर्माणकर्ताहरूको भूमिका खेलेको कारणले नै समाजमा गतिशिलता कायम रह्यो भन्ने सत्य सम्झन अपरिहार्य छ ।

५) जनमुक्ति सेनाभित्र महिलाहरूको दरो उपस्थिति र कार्यले नै माओवादी पार्टी नेपालकै एउटा ठूलो शक्तिशाली पार्टीको रूपमा स्थापित हुन सकेको छ । यो यथार्थता छर्लङ्ग छ, तर हालको अवस्थामा महिलाहरूको योगदानलाई नजरअन्दाज गरिँदै छ । अहिलेको परिवर्तित अवस्थामा पनि महिलाहरूको योगदान र भूमिकालाई पछाडि पार्ने दुष्प्रयास गरिँदै छ । यस्तो दुष्प्रयास देश हाँक्दै गरेका प्रगतिवादी नेताहरूबाट भइरहेकोमा हामी सचेत छौँ । सरकारले राज्यका हरेक अङ्गमा ३३% महिला सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जाहेर गरेर कार्यान्वयन पक्षमा उदासीन हुनु, हिंसात्मक द्वन्द्वको अवधिभर भएका महिला हिंसाका घटनाका जिम्मेवारहरूलाई कारबाही गर्न

उपयुक्त संयन्त्रको निर्माण नगर्नु जस्ता कार्यले राज्य अझै पनि महिला अधिकारप्रति पूर्ण जिम्मेवार र संवेदनशील बन्न नसकेको पुष्टि गर्दछ ।

६) हिंसात्मक राजनैतिक द्वन्द्वको समयमा विस्थापन, दुर्व्यवहार (मानसिक, शारीरिक, यौनिक) र चरम यातनाको शिकार बन्न पुगेका हजारौं महिलाहरू अझ पनि न्यायको प्रतीक्षामा छन् । त्यसै गरी जनमुक्ति सेनामा आबद्ध हजारौं महिला योद्धाहरू जनयुद्धको क्रममा आफ्ना साथीहरूसँगै युद्ध मोर्चामा लडे, उनीहरू पनि राष्ट्रिय सुरक्षा प्रणालीमा समायोजन हुन बाँकी नै छन् । अझ पनि महिलाहरू समाजमा विद्यमान रूढिवादी परम्परालाई अङ्गिकार गर्न विवश पारिएका छन् । महिलालाई तल्लो स्थानमा राखी हिंसालाई निरन्तरता दिने प्रयत्न जारी छ । यी यावत कुराहरूले राजनैतिक पार्टीहरूको सामाजिक न्यायप्रतिको प्रतिबद्धताप्रति प्रश्न उब्जाइरहेको छ । देशमा दिगो शान्ति ल्याउन अहिले सङ्घीयता, स्रोतहरूको वितरण जस्ता कुराहरू प्रमुखता र महत्त्वपूर्ण हुन् भनेर पुष्टि गर्न खोजिएको छ र महिलासँग सम्बन्धित मुद्दाहरूलाई गौण बनाउने चेष्टा गरिएको छ । तर महिलाहरू यी कुराहरूमा विश्वास गर्दैनन् । दिगो शान्तिलाई संस्थागत गर्ने हो भने अहिलेसम्म व्याप्त पुरुषप्रधान मूल्यमान्यता, संरचना र संस्थाहरू जुन असमावेशी, अपारदर्शी, भ्रष्ट छन् तिनीहरूको न्यायोचित रूपान्तरण भएको खण्डमा मात्र दिगो शान्तिको कल्पना गर्न सकिन्छ भन्नेमा महिलाहरू विश्वास राख्छन् । यसका लागि नेपाली राजनीतिज्ञहरू र नागरिक समाजलाई झकझक्याइराख्नुपर्ने हुन्छ । यो गर्न सजिलो छैन किनकि यसले थुप्रै चुनौतीहरू बोकेको छ । जस्तै :

- राजनीतिलाई पुनर्भाषित गर्ने चुनौती
- विश्वव्यापीकरण प्रभावको चुनौती
- नागरिक समाजलाई लैङ्गिक सम्वेदनशील बनाउने चुनौती

यिनै चुनौतीहरूलाई सम्बोधन गरी शान्ति निर्माणको प्रक्रियामा अहिले देखिएको चुनौतिलाई अवसरमा परिणत गर्न सरकारलाई सहयोग गर्ने उद्देश्यले ९९ औं श्रमिक महिला दिवसको अवसर पारी विश्व सामाजिक मञ्चका मान्यताहरूलाई

समेत केन्द्रित गर्दै नेपाली महिलाहरूद्वारा देशमा पहिलो पटक राष्ट्रिय महिला सामाजिक मञ्च २००९ (मार्च ६-९) सम्पन्न गरिएको छ । रा.म.सा.म.ले स्थानीय तथा राष्ट्रिय सामाजिक सरोकार लगायत विश्वव्यापी मुद्दा र त्यसले पार्ने राष्ट्रिय प्रभावको विषयमा सहभागीहरू माझ व्यापक छलफल र बहस गराई एउटा साझा समझदारीको वातावरण सिर्जना गरेको छ एवं यसलाई निरन्तरता दिने उद्देश्य राखेको छ ।

हरेक नेपालीको पहिचान, महिलाको अधिकारको सुनिश्चितता एवं विविधतामा एकता र त्यसका लागि सबै तह र तप्काबाट विशेष पहल आवश्यक छ भन्ने तथ्यलाई हामी आत्मसात् गर्दछौं । देशमा लामो समयदेखि चलेको द्वन्द्वको रूपान्तरणको क्रममै गठित लोकतान्त्रिक गणतन्त्र संरचनाको नेपाल सरकारले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय अनुवन्ध १९६६, अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारका आधारभूत सिद्धान्त तथा मापदण्डमाथि आफ्नो प्रतिबद्धता जनाएको तथ्यलाई स्मरण गराउँदै महिला अधिकारलाई मानव अधिकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूपकै व्यवहारमा कार्यान्वयन र महिलाका मानवअधिकार संरक्षणका लागि विशेष कदम चाल्नुपर्नेमा जोड दिँदै,

राजनैतिक पार्टीहरूको प्रतिबद्धता एवं सरकारी तवरबाट विशेष पहलका कारण देशमा संविधान सभाको चुनाव एवं त्यसपश्चात् ३३ प्रतिशत महिला सहभागिता सहितको संविधान सभाको गठन तथा अत्यन्तै समावेशी (इन्द्रेणी) संविधान सभा बन्न सकेको यर्थाथतालाई आत्मसात् गर्दै,

पितृसत्तात्मक सामाजिक संरचनाहरूले प्रतिपादन गरेका मूल्य र मान्यताका कारण महिला मानव अधिकार रक्षकहरूको कामले मान्यता प्राप्त गरिनसकेको तथा उनीहरू मानवअधिकार रक्षकको रूपमा स्थापित हुन नसकेका कारणले

महिला मानवअधिकार रक्षकहरू थप जोखिममा पर्नुपर्ने तथ्यलाई स्वीकार गर्दै महिला मानवअधिकार रक्षकमाथि राज्यका साथै परिवार, समाज, धार्मिक संघ तथा संस्था, बहुराष्ट्रिय कम्पनी, हतियारधारी समूहजस्ता विभिन्न गैरराज्यपक्षहरूसमेत जिम्मेवार भएका कारण उनीहरूलाई महिला मानव अधिकार रक्षकहरूप्रति गरिएको व्यवहारका निमित्त उत्तरदायी बनाउन आवश्यक संयन्त्रको अविलम्ब निर्माण गर्नुपर्ने आवश्यकतातर्फ संयुक्त राष्ट्रसंघसमेतको ध्यानाकर्षण गराउँदै,

मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षण तथा संवर्द्धनका कार्यमा महिला मानवअधिकार रक्षकहरूले सामना गर्नुपरेका जोखिमको पहिचान गर्दै मानवअधिकारपूर्ण समाज निर्माणमा महिला मानवअधिकार रक्षकको महत्त्वपूर्ण भूमिकालाई स्वीकार गर्दै,

देशमा लोकतन्त्र ल्याउनका लागि नेपाली महिलाहरूले गरेको बलिदानपूर्ण योगदान एवं निर्वाह गरेको जिम्मेवार भूमिकाप्रति उच्च सम्मान गर्दै, द्वन्द्वकालमा एवं जनयुद्धको समयमा महिलाहरूमाथि भएका हिंसाहरूको आवश्यक अनुसन्धान गरी दोषी उपर उपयुक्त कारबाही तथा पीडितहरूका लागि क्षतिपूर्तिको व्यवस्था नभएसम्म महिलामाथि भइरहेको हिंसा अन्त्य गर्ने वातावरण नबन्ने ठहर गर्दै,

देशका विभिन्न भागमा रहेका सुकुम्बासी, भूमि अधिकारकर्मी महिलाहरूमाथि विभिन्न नाम र बहानामा आक्रमण भइरहेको तर्फ औंल्याउँदै यो अवस्थाले देशमा शान्ति स्थापना हुन सक्तैन भन्ने तर्फ सचेत गराउँदै,
देश लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको अवस्थामा पनि आम नेपाली महिलाहरू विभिन्न प्रकारका हिंसा खप्न बाध्य भएको, न्यायमा पहुँच एवं सुरक्षा र सहयोगको स्थिति न्यून रहेको यथार्थता तर्फ ध्यानाकर्षण गराउँदै, सरकारद्वारा विभिन्न मितिमा महिला अधिकारका लागि गरिएका प्रतिबद्धताहरू कार्यन्वयनमा नआएको एवं सरकारद्वारा नै ति प्रतिबद्धताहरू कार्यान्वयन नगरेको तितो यथार्थतालाई उजागर गर्दै, देशभर भइरहेका हिंसात्मक

गतिविधिहरू, सरकार विहीनताको स्थिति एवं आपराधिक गतिविधिहरूले प्रश्रय पाइरहेका कारण समग्रमा आम नेपालीहरूको जीविकोपार्जन, सुरक्षा, औषधिउपचार, शिक्षा जस्ता आधारभूत मानव अधिकारको हनन भइरहेको तथ्य आत्मसात् गर्दै, यसले नेपाली महिलाहरूको जीवनमा नराम्ररी प्रभाव पारेको तथ्य तर्फ सबैको गम्भीर ध्यानआकर्षण गराउँदै, यस स्थितिमा समग्र महिला अनि महिला मानव अधिकार रक्षकहरूको जीवन, सुरक्षा जोखीममा पारिरहेको स्थितिले उनीहरूलाई विभिन्न प्रकारको जोखिमपूर्ण श्रम अंगाल्न बाध्य बनाइरहेको स्थितिलाई अगाडि ल्याउँदै यो स्थितिको अन्त्य नहुँदा सम्म देशमा शान्ति स्थापना हुन नसक्ने हामी सम्पूर्ण महिलाहरू ठहर गर्दछौं । यसका लागि सबै राजनैतिक पार्टी नागरिक समाज तथा सरकारी संयन्त्रका अगुवाहरू ऐक्यबद्ध भई काम गर्नुपर्ने अपरिहार्यता तर्फ औंल्याउँदै,

लोकतान्त्रिक पद्धतिमा शान्तिपूर्ण तवरले आफ्ना अधिकारहरू सुनिश्चितताका लागि माग गर्नु नागरिकको अधिकार हो । शान्तिपूर्ण तवरले गरिएका ध्यानाकर्षण एवं उचित मागप्रति संवेदनशील भई सम्बोधन गर्नु सरकारको कर्तव्य हो । सरकारद्वारा आफ्नो यो कर्तव्य निर्वाह समयमा हुनुभन्दा हिंसात्मक भएपछि मात्रै सबै आन्दोलनहरूको सुनुवाइ गर्ने चलन स्थापित भएका कारण अधिकारका लागि गरिने आन्दोलनहरू कमशः हिंसात्मक हुँदै गएको एवं यसले सीमान्तीकृत वर्गलाई अझ बढी सीमान्तीकृत बनाएको एवं जीवन धान्न समेत अप्ठ्यारो पारिरहेको वास्तविकताप्रति सबैको ध्यानाकर्षण गर्दै, महिला अधिकारप्रति संवेदनशील मुलुकभरमा एक सय भन्दा बढी संघ/संस्थाहरूको संयोजन एवं ऐक्यबद्धतामा मार्च ६ देखि ९ तारिकसम्ममा सम्पन्न प्रथम राष्ट्रिय महिला सामाजिक मञ्चमा उपस्थित एक हजारभन्दा बढी महिला एवं तेस्रो लिङ्गीहरूबाट यो राष्ट्रिय महिला सामाजिक मञ्च १३ बुदँ घोषणापत्र जारी गर्दछ -

१. विविधता एवं पहिचानका निम्ति गरिने शान्तिपूर्ण आन्दोलनहरूलाई सरकारले तुरुन्तै सम्बोधन गर्न एवं आन्दोलनकारीहरूलाई आन्दोलनलाई हिंसात्मक नबनाउन एवं सडक जाम तथा बजार, अस्पताल जस्ता दैनिक

जीवन एवं जीविकोपार्जनसँग सम्बन्धित क्षेत्रलाई बन्द नगर्न यो मञ्च हार्दिक आग्रह गर्दछ ।

२. देशमा दण्डहीनताको अन्त्य नभएसम्म शान्ति स्थापना हुन नसक्ने ठहर गर्दै द्वन्द्व कालमा भएका मानव अधिकार उल्लघनका घटनाहरूप्रति दोषी देखिएका व्यक्तिहरूलाई अविलम्ब कारवाही गर्न तथा सम्पूर्ण दोषीहरूका बारेमा अनुसन्धान गरी सत्य तथ्य पत्ता लगाउन आवश्यक उच्च स्तरीय संयन्त्र अविलम्ब बनाउन माग गर्दछ ।

३. महिलाहरूमाथि विभिन्न प्रकारका हिंसाहरू भइरहेको यथार्थतातर्फ सरकारलाई पटक-पटक ध्यानाकर्षण गराइए तापनि सरकारद्वारा उक्त समस्यालाई व्यावहारिक रूपमा समाधान गर्न तर्फ सरकारले प्रभावकारी कदम नचालेका स्थितिप्रति खेद प्रकट गर्दै सरकारद्वारा अविलम्ब व्यावहारिक रूपमा महिलामाथि हुने हिंसा अन्त्यका लागि हिंसा पीडित एवं महिला अधिकारकर्मीहरूको उचित प्रतिनिधित्व 'महिलाहिंसा विरुद्धको उच्च स्तरीय आयोग' को गठन गरियोस् भनी यो मञ्च माग गर्दछ ।

४. दाइजो प्रथाको एक हप्ताभित्र अन्त्य गर्ने, महिला हिंसा विरुद्धको उजुरी केन्द्रहरू गाउँगाउँमा स्थापित गर्ने तथा अत्यधिक कामको बोझ भएका कारण महिलाहरूलाई हुने हर्नियाँ, डिस्क प्रोल्यापस, जस्ता समस्याहरूलाई सम्बोधन गर्ने संयन्त्रको निर्माण गर्ने भनी सम्माननीय प्रधानमन्त्री ज्यूद्वारा देशवासीको नाममा दिइएको सम्बोधनप्रति हार्दिक आभार व्यक्त गर्दै उक्त सम्बोधन भएको करिव दुई महिना हुन लाग्दा समेत व्यवहारमा कार्यान्वयन हुन नसकेकोमा गहिरो दुःख व्यक्त गर्दै ती सार्वजनिक गरिएका प्रतिबद्धताहरूलाई व्यवहारमा कार्यान्वयन गर्न प्रधानमन्त्री समेत नेपाल सरकारसमक्ष यो मञ्च जोडदार माग गर्दछ ।

५. भूमिहीन, सुकुम्वासीहरूको अधिकार सुनिश्चितताका लागि भूमि सुधार आयोग एवं सुकुम्बासी आयोग गठन गरी सरकारले देखाएको प्रतिबद्धतातर्फ यो मञ्च सरकारमा हार्दिक आभार प्रकट गर्दै ती आयोगहरूमा 'जसको मुद्दा उसैको नेतृत्व' को सिद्धान्तलाई निशर्त पालना गर्न तथा यस्ता आयोगहरूलाई निष्पक्ष आयोगको रूपमा स्थापित गराई कागजी रूपमा

मात्रै नभई काम गर्ने र गर्न सक्ने आयोगका रूपमा स्थापित गराउन जोडदार माग गर्दछ ।

६. अपाङ्ग व्यक्तिहरूको अधिकार सुनिश्चितताका लागि 'अपाङ्ग व्यक्तिहरूको अधिकार सुनिश्चित गर्ने महासन्धि' (CRPD) प्रति प्रतिबद्धता जनाएकोमा यो मञ्च नेपाल सरकारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । साथै यो प्रतिबद्धतालाई व्यवहारमा उतार्न अबिलम्ब उक्त महासन्धिलाई अनुमोदन गरी देशका सबै संरचनाहरू प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सरकारी संरचनाहरूलाई अपाङ्गमैत्री बनाउन तथा अपाङ्ग महिलाहरूको विशेष आवश्यकतालाई केन्द्रित गरी प्राथमिकता दिँदै प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्न माग गर्दछ ।

७. जनताको प्राथमिक स्वास्थ्य अधिकार सुनिश्चितताका लागि देशभरका स्वास्थ्य संस्थाबाट निशुल्क औषधी उपचार तथा २०६५ माघ १ गतेबाट नि:शुल्क सुत्केरी सेवाको व्यवस्था गरी सरकारले देखाएको प्रतिबद्धताप्रति यो मञ्च हार्दिक आभार प्रकट गर्दछ । साथै यी प्रतिबद्धताहरू कागजी निर्णयबाट मात्र पूरा हुन सक्दैन यसलाई व्यवहारमा उतार्न सरकारबाट समुदायदेखि सबै स्तरमा रहेका स्वास्थ्य संस्थामा उपयुक्त, गुणस्तरीय औषधि एवं स्वास्थ्यकर्मीहरूको व्यवस्था गर्नका लागि जोडदार माग गर्दछ ।

८. लामो समयदेखि नेपाल सरकारद्वारा प्रतिपादन गरिएको नव उदारवादी नीति एवं सोही अनुरूपको नीतिगत व्यवस्थाले नेपाली नागरिकहरूको जीविकोपार्जनको अधिकारलाई गम्भीर रूपले असर पारिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै, समुदायमा रहेका व्यक्तिहरूको ज्ञान, सीप संरक्षण गर्दै देश सुहाउँदो आर्थिक नीति अवलम्बन गरी समस्त नागरिकहरूको अधिकार सुनिश्चित गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

९. सामाजिक सांस्कृतिक रूपान्तरणविना शान्ति संस्थागत हुन सक्तैन, महिलामाथि हुने हिंसाको अन्त्य असंभव हुन्छ । त्यसकारण देशमा सामाजिक सांस्कृतिक रूपान्तरणका लागि उपयुक्त वातावरण तयार होस् भन्ने माग गर्दछ ।

१०. भूमिहीन, सुकुम्बासीहरूको समस्या हल गर्दा सरकारद्वारा सहरी क्षेत्रमा रहँदै आएका सुकुम्बासी एवं ग्रामीण क्षेत्रमा रहेका सुकुम्बासीहरूको विशेष आवश्यकता एवं परिस्थितीको पहिचान गरी शहरी क्षेत्रका लागि उपयुक्त बासको व्यवस्था तथा ग्रामीण क्षेत्रका लागि बास एवं जीविकोपार्जनका लागि भूमिको व्यवस्था गर्ने सरकार समक्ष माग गर्दछ। यस्तो व्यवस्थाका क्रममा सुकुम्बासी महिलाको विशेष अधिकारको व्यवस्था गर्ने माग गरिन्छ ।

११. महिला अधिकारका सवालहरूलाई सम्वोधन गर्ने क्रममा सरकारद्वारा महिलाहरूभित्र पनि दलित, जनजाति, मधेशी, हिमाली, यौन अल्पसंख्यक अपाङ्ग, एचआईभी संक्रमित, बेचबिखनबाट प्रभावित, हिंसा पीडित, विधवा एवं एकल महिलाहरूमा फरक फरक आवश्यकता हुन्छन् भन्ने तथ्य अंगीकार गरी विशेष आवश्यकता भएमा महिलाहरूका लागि विशेष व्यवस्था गर्न तर्फ सरकार क्रियाशील हुन जोडदार माग गर्दछ ।

१२. देश लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएपछि सरकारद्वारा देशलाई छुवाछुत मुक्त राष्ट्र भनी गरिएको घोषणालाई यो मञ्च हार्दिक स्वागत गर्दछ साथै उक्त घोषणा पश्चात् पनि देशमा अझै पनि लाखौं नेपालीहरू छुवाछुतको विभेद खप्न बाध्य भएको त्यसभित्र पनि महिलाहरू झनै बढी पीडित भएको यथार्थता तर्फ सरकारको ध्यानआकर्षण गराउँदै यस कुप्रथाको अन्त्य र अझ प्रभावकारी विशेष व्यवस्थाका लागि यो मञ्च अपिल गर्दछ ।

१३. नेपालको आधा भन्दा बढी जनसंख्या ओगटेका हामी महिलाहरूको श्रमले कुल गार्हस्थ उत्पादनको आधा भन्दा बढी हिस्सा ओगटेको छ । हाम्रो श्रम क्षेत्र भित्र पनि विशेष गरी जरो गाडिबसेको पितृसत्तात्मक मूल्य र मान्यताका कारण हामी महिलाहरूको श्रमको उचित सम्मान हुन नसकेको तथा हाम्रो कामलाई अनौपचारिक एवं सेवामूलक काममा मिश्रित गराइएको तथ्य हामी सबैको सामु छ । यस किसिमको प्रथाको अन्त्य गरी महिलाले गर्ने कामका क्षेत्रहरूलाई औपचारिक क्षेत्रको रूपमा मान्यता दिएर श्रम ऐन बनाई लागू गरी सुरक्षा, सहयोग एवं सामाजिक सुरक्षा पाउने अधिकार सुनिश्चित गरियोस् भनी यो मञ्च जोडदार माग गर्दछ ।

## परिशिष्ट २. राष्ट्रपतिलाई बुझाइएको ध्यानाकर्षण-पत्र

श्री सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, काठमाण्डौं ।

विषयः पहलका लागि अनुरोध ।

सम्माननीय राष्ट्रपतिज्यू,
सर्वप्रथम विभिन्न जिल्लाका महिलाहरूका तर्फका तपाई नेपाल सरकारको प्रथम निर्वाचित राष्ट्रपतिमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाइ ज्ञापन गर्न चाहन्छौं । यसका साथै सम्माननीय राष्ट्रपतिज्यूद्वारा आफ्नो कार्यभारलाई विना कुनै विवाद, निष्पक्ष तवरले बहन गर्नुभएका कारण हामी सम्पूर्ण नेपालीहरूको शिर उचा भएको जानकारी गराउँदै यसका लागि हामी हार्दिक आभार समेत प्रकट गर्न चाहन्छौं ।

देशको आधाभन्दा बढी जनसंख्या ओगटेका हामी नेपाली महिलाहरूको स्थिति सम्माननीय राष्ट्रपतिज्यूमा विदितै छ । लोकतान्त्रिक रुपान्तरणमा आफ्नो श्रम, पसिना, विवेक र बहादुरीसमेतको हाम्रो ऐक्यबद्धता एवम् अगुवाइको साक्षी सम्माननीय राष्ट्रपतिज्यू स्वयं हुनुहुन्छ भन्नुमा अत्युक्ति हुँदैन । देश लोकतन्त्रसहितको गणतन्त्रमा रुपान्तरित भएपछि हामी महिलाहरूमा अब आफ्नो पहिचान, सम्मान र सुरक्षापूर्वक बाँच्न पाउँछौं भन्ने कुरामा विश्वाश जागेको छ । हामी पनि यो देशका पूर्ण अधिकार सम्पन्न नागरिकका हैसियतले बाँच्न सक्दछौं भन्ने विश्वास दृढ भएको छ । यही दृढताका कारणले नै रुपान्तरणको प्रक्रियामा आफ्ना अधिकारहरू कुण्ठित भएको अनुभूति भएको अवस्थामा पनि आफ्नो माग पूरा गर्नका लागि हिंसात्मक विधि आजका दिनसम्म पनि नेपाली महिलाहरूले प्रयोग नगरेको तथा त्यसलाई गलत मानेका भन्ने बारेमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सगौरव राख्दछौं तर हाम्रो

यो विवेकशीलता र अहिंसात्मक बाटोको रोजाइलाई लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात् गठित सरकारद्वारा हाम्रो कमजोरीको रूपमा लिइएको हो कि ? भन्ने हामीलाई आभास भएको छ। सरकारले हाम्रो मागप्रति गरेको बेवास्ताका कारण हामी यस्तो सोच्न बाध्य भएका छौँ। यसो भन्नुपर्दा हामीलाई गहिरो दुःख लागेको छ। लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको १ वर्षभित्रै सात हजारभन्दा बढी हामी महिलाहरूहिंसाको शिकार भएका छौँ। न्याय प्राप्त गर्नु हाम्रो लागि असम्भव भएको छ। हामी बलात्कृत भएको घटना हामी स्वयंले डाक्टरी परीक्षण गराई आफू बलात्कृत भएको प्रमाणित गराएपछि पनि दबाब सिर्जना नगरुन्जेलसम्म प्रहरीले दर्ता गर्दैन।

सम्माननीय प्रधानमन्त्रीज्यूको वक्तव्यमा दाइजो प्रथाको अन्त्य एक हप्तापछि हुने छ भनिएको भए तापनि उक्त वक्तव्यदेखि अहिलेसम्म मात्रै पनि दुई दर्जनभन्दा बढी महिलाहरू दाइजोको कारणले हिंसाको शिकार भएको प्रमाण हामीसँग छ। छोरी पायो, दाइजो ल्याएन भन्ने जस्ता विभिन्न आरोपका साथै बोक्सीको आरोप जस्ता हामी महिलाहरूविभिन्न खाले हिंसाबाट पीडित हुन, घरनिकाला हुन विवश छौँ। खाना तथा औषधिउपचारको अभावमा हामी दीर्घरोगी भई बस्न बाध्य छौँ। एसिड छ्यापेर कुरुप बनाउने, एचआइभी भएकै कारण, अपांगता भएकाको, यौन अल्पसंख्यक भएकै कारण घरबाट निकालिनुपर्ने, दलित भएकै कारण सामाजबाट बहिष्कृत हुनुपर्ने, रेष्टुरेण्टका श्रमिकको रूपमा काम गरेकै कारण लान्छित हुनुपर्ने, सुकुम्बासी भूमिहीन भएकै कारण राज्य समेतबाट हिंसा खप्नुपर्ने, शोषित हुनुपर्ने साथै घरको बाबु, छिमेकी, श्रीमान् जस्ता आफन्तबाट समेत बलात्कृत जस्ता घटनाहरूतथा समस्याहरू हामी नेपाली महिलाहरूको दिनचर्या बन्न पुगेको छ। यसरी पीडित बनी बाँच्न बाध्य महिलाहरूका लागि सहयोगको कुनै संयन्त्र छैन।

पीडितका निम्ति आवाज उठाउनेहरू महिला मानव अधिकार रक्षकहरू पिटिएका छन्, मारिएका छन्, घरनिकाला भएका छन्। उनीहरूको कामको मूल्याङ्कन छैन, सुनुवाइ गर्ने कुनै ठाउँ छैन। उदाहरणका लागि हामी महिला

मानव अधिकार रक्षक लक्ष्मी बोहोराको हत्या काण्डलाई लिन सक्छौँ । यो घटनाका बारेमा सम्माननीय राष्ट्रपतिज्यूलाई यो पदभार सम्हाल्नुभन्दा पहिला नै ध्यानाकर्षण गराएको व्यहोरा स्मरण गराउन चाहन्छौँ । उक्त घटनाको आवश्यक छानबिनको माग तथा अन्य घटनाप्रति ध्यानाकर्षण गराउँदै न्यायको गुहार माग्न हामी देशभरिका महिलाले माइतिघर मण्डलामा गरेको चौबिस दिने आन्दोलनका बारेमा पनि सम्माननीय राष्ट्रपति अवगत नै हुनुहुन्छ। हाल उक्त आन्दोलनपछि बनेको कार्यदलले गरेको सिफारिस समेतका प्रतिवेदन नेपाल सरकारलाई बुझाइसकेको अवस्था छ। तैपनि न त ती सिफारिसहरू कार्यान्वयन नै भएका छन्, न त हामीमाथि हुने हिंसा अन्त्यका लागि कुनै पहल नै ।

अहिले देशको शान्ति सुरक्षा साह्रै खलबलिएको छ । संक्रमणकालको आड लिएर देशका विभिन्न भागमा विभिन्न प्रकारका अपराधहरू भइरहेका छन् । विभिन्न आन्दोलनहरूले हिंसात्मक रुप लिँदै छन् । चक्काजाम, हडताल दिनहुँ जस्तै भइरहेका छन् । सडकहरू युद्धभूमिमा रुपान्तरित पारिएका छन् । यसले हामी महिलाको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पारेको छ। हाम्रो जीविकोपार्जन हनन भएको छ। हाम्रा बालबालिकाहरूको पढ्न पाउने अधिकार हनन भएको छ। औषधीउपचारको अभावमा हाम्रो ज्यान गइरहेको छ। उदाहरणका लागि एम्बुलेन्स चल्न नदिएकै कारण भर्खरै नवलपरासीमा भएको गर्भवती महिलाको मृत्यु, टाडी र लमहि क्षेत्रमा सुत्केरीहरू अलपत्र परेका घटनाहरूलाई लिन सकिन्छ। बन्दकै कारण हजारौँको संख्यामा विभिन्न जिल्लाबाट राष्ट्रिय महिला सामाजिक मञ्चमा आउन लागेका महिला समेत आउन नसकेको यथार्थता पनि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष राख्नुपर्दा हामी अत्यन्तै दुःखी भएका छौँ ।

देशको यो अवस्थाले राज्यभार चलाउने नेतृत्व वर्गबाट तुरुन्तै समाधान चाहेको छ । यसो हुन नसक्दा देशमा स्थापित शान्ति दिगो शान्तिमा रुपान्तरित हुन सक्तैन, हामी सुरक्षित हुन सक्तैनौँ, नेपालीहरूले अपेक्षा गरेको संविधान बन्न सक्तैन, नेपालको अखण्डता एवम् सार्वभौमिकतामाथि प्रश्नचिह्न खडा हुने

स्थिति आउँछ ।

यो पृष्ठभूमिमा आज हामी महिलाहरू सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आफ्ना पीडाहरूका साथ मागहरू लिएर उपस्थित भएका छौँ । हामी देशभरका महिलाहरूले स्पष्टसँग हामीमाथि भएका हिंसाका घटनाको छानबिन गरी दोषीलाई कारवाही एवम् पीडितलाई सहयोगका निम्ति पहल गर्न विशेष संयन्त्रको आवश्यकता अनुभूत गरेका छौँ । सो माग नेपाल सरकारका सम्मानित प्रधानमन्त्रीसमक्ष पटकपटक राखेका हौँ । तैपनि हाम्रा मागहरूको सुनुवाई भएको छैन । हामीले हिंसा पीडितहरूलाई सुरक्षित बासको व्यवस्था होस् भनी अनुरोध गरेका हौँ । गृहमन्त्रीबाट तुरुन्तै व्यवस्था गरिने छ भन्ने आश्वासन पनि पाएका हौँ । तर ती सबै आश्वासनहरू आवश्वासनमा मात्रै सीमित रहेकाले हामी अझ बढी दुःखी भएका छौँ । हाम्रा यी मागहरू हामी यहाँ उपस्थित महिलाहरूको मात्र नभई दुई लाखभन्दा बढी व्यक्तिहरूका माग हुन् । हामीले सम्माननीय राष्ट्रपतिज्यूसमक्ष २ लाखभन्दा बढी व्यक्तिहरूको हस्ताक्षरसहित हाम्रा मागहरू प्रस्तुत गरेका छौँ ।

सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय व्यक्तित्व एवम् लोकतान्त्रप्रतिको आस्था एवम् विश्वासको सम्पूर्ण नेपाल साक्षी छ । यसै कारण सम्माननीय राष्ट्रपतिज्यूबाट हाम्रो माग सम्बोधनका लागि पहल हुन्छ भन्ने बारेमा हामी ढुक्क छौँ । हाम्रो यो विश्वासलाई सम्माननीय राष्ट्र्यपतिज्यूले टुट्न दिनुहुने छैन भन्नेमा हामी विश्वस्त छौँ ।

अन्त्यमा, हामी सम्पूर्ण महिलाहरू तपाईले आफ्नो गरिमामय पदीय दायित्वलाई अझै बढी ओजिलो एवम् गर्विलो बनाउँदै सम्पन्न गर्न सक्नुहोस् भन्ने शुभकामना दिन चाहन्छौँ ।

हाम्रा मागहरू

- ❖ महिला हिंसाविरुद्ध उच्चस्तरीय संयन्त्र (आयोग) अविलम्ब गठन

गरियोस् ।

- ❖ हिंसापीडित महिलाहरूका लागि सुरक्षित बासको अविलम्ब व्यवस्था गरियोस् ।
- ❖ महिला मानव अधिकार रक्षकहरूका लागि सुरक्षा एवम् कानुनी संयन्त्रको व्यवस्था गरियोस् ।
- ❖ देशको सुरक्षा स्थिति सुदृढ गरियोस् ।
- ❖ बन्द, चक्काजाम अन्त्यका लागि उपयुक्त पहल गरियोस् ।

हार्दिक आभारसहित

देशका विभिन्न क्षेत्रबाट प्रथम राष्ट्रिय महिला सामाजिक मञ्चका सहभागी महिलाहरू

## परिशिष्ट घ। कार्यशाला गोष्ठीबाट आएका बुँदाह□

अपाङ्ग महिलाहरूको अधिकार र सरोकारका सवालहरू :

- नयाँ संविधानमा मौलिक हक खण्डमा शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षालाई समावेश गरिनुपर्छ ।
- अपाङ्ग महिलाहरूका सम्पूर्ण स्वास्थ्य परीक्षण र प्रजनन स्वास्थ्यको लागि विशेष व्यवस्था गरी नि:शुल्क सेवा प्रदान गर्ने प्रावधान राखिनुपर्छ ।
- महिला हिंसा र अपाङ्ग महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने संवैधानिक व्यवस्था गरिनुपर्छ ।
- अपाङ्ग व्यक्तिहरूको मानवअधिकारसम्बन्धी महासन्धि (युएनसिआरपिडी) मा हस्ताक्षर गरेर पनि राज्यले अनुमोदन नगर्नु गम्भीर विषय भएकोले यो तुरुन्त अनुमोदन गर्नु आवश्यक छ ।
- अपाङ्ग महिलालाई प्राथमिक विद्यालयदेखि उच्च शिक्षासम्म छात्रवृत्ति, आवाससहितको नि:शुल्क शिक्षा र व्यावहारिक सीपयुक्त तालिम तथा सुस्त मनस्थितिका व्यक्तिलाई व्यवहारिक शिक्षाको व्यवस्था गरिनुपर्छ ।

नि:शुल्क शिक्षा प्रदान नगर्ने सरकारी विद्यालय तथा कलेजहरूलाई कडा कारबाहीको व्यवस्था गरिनुपर्छ ।

- अपाङ्ग आयोग गठन गरिनुपर्छ ।
- राज्यको पुन:सरचना गरिँदा केन्द्रदेखि स्थानीय स्तरका नीति निर्माण तथा कार्यान्वयन गर्दा हरेक निकाय, आयोग तथा समितिहरूमा अपाङ्गता भएका महिलाको प्रतिनिधित्व अनिवार्य गरिनुपर्छ ।
- अपाङ्ग महिलालाई अपमान गर्ने शव्दावलीको प्रयोग मौजुदा कानुनमा भएको अवस्थाप्रति सबैको ध्यानाकर्षण गर्दै त्यस्तो हिंसाजन्य प्रावधान तत्काल खारेज गरिनुपर्छ ।

दिगो शान्ति स्थापना र सुरक्षाका सवालहरू महिलाको दृष्टिकोणबाट

- राष्ट्रिय सुरक्षा तथा सामाजिक सुरक्षाका सम्बन्धमा नीतिनिर्माता अनभिज्ञ छन् र महिला जगत् पनि यस विषयमा सचेत हुन पाएको छैन यसका लागि चेतनामूलक अभियान चलाउनुपर्दछ ।
- राष्ट्रिय सुरक्षा संयन्त्रमा पर्ने नेपाली सेना, नेपाल प्रहरी, न्यायालय, व्यवस्थापिका लगायतका निकायमा महिलाको प्रतिनिधित्व छैन वा अपर्याप्त छ यसमा तत्काल सुधार हुन आवश्यक छ ।
- महिला हिंसा विरुद्धका कानुन सबल हुनुपर्दछ। कार्यान्वयनमा पनि कडाइ गरिनुपर्दछ । हिंसाविरुद्धका कारबाही अत्यन्तै मन्द गतिमा र ढिलो गरी फैसला गरिने अवस्थाको अन्त्य हुनुपर्दछ घरेलु हिंसाका मुद्दा स्थानीय रूपमै फैसला गरिनुपर्दछ ।
- नयाँ पुस्तालाई मानवअधिकार र महिला अधिकारका विषयमा जानकारी दिन सानो कक्षाबाट पाठ्यक्रममा समावेश गर्नुपर्दछ ।

मनोरञ्जन क्षेत्रका महिला श्रमिकका मुद्दाहरू

- मनोरञ्जन क्षेत्रमा लागेका महिलाको श्रमलाई राज्यले पहिचान तथा सम्मान दिनुपर्छ ।
- मनोरञ्जन क्षेत्रमा रहेका महिलाको कामलाई राज्यले अवहेलना गर्दा

उनीहरूमाथि हिंसा थपिने यथार्थप्रति राज्य गम्भीर हुनुपर्छ । यस क्षेत्रमा रहेका महिलाहरू प्रहरी, होटेल मालिक र समाजका विभिन्न क्षेत्रबाट पीडित बनिरहेको स्थितिबाट उनीहरूलाई सुरक्षित गर्नु राज्यको दायित्व हो ।

- यो क्षेत्रमा कार्यरत महिलाका बच्चाको सुरक्षित शिशु स्याहार केन्द्रको व्यवस्था गरियोस् ।

महिला अधिकार सुनिश्चितता : महिला हिंसाका घट्नाहरूको अभिलेखिकरण :

- हिंसा सहनु हुन्न र जुनसुकै किसिमका हिंसाका घटनाहरू अभिलेख राख्न जोड दिनुपर्छ । महिला हिंसाका घटनाको अभिलेखीकरण भएमा मात्र कानुनी उपचारमा पीडितको पहुँच बढ्छ ।
- महिला हिंसाका घटना सामाजिक संरचनागत विकृतिका कारण बाहिर आउन नसकिरहेको अवस्थालाई मनन गर्दै समाजले हिंसाका घटना अभिलेखीकरण गर्न अभिप्रेरित गर्नुपर्छ ।

प्राकृतिक स्रोत र महिला अधिकार

- नयाँ संविधानमा मौलिक हक अन्तर्गत स्वच्छ खानेपानी पाउनुपर्ने जनताको मौलिक हक हुनुपर्छ ।
- पानीमाथि ग्रामीण महिला एवं दलित महिलाहरूको अधिकार र पहुँचको लागि राज्यले विशेष व्यवस्था गर्नुपर्छ ।
- संविधानको निर्देशक सिद्धान्तमा जलस्रोत, खानेपानी, सिँचाइ, सिमसार, जलचर, ग्रामीण विद्युतीकरण, पानीघट्ट लगायतका जलस्रोतसम्बन्धी सबै विषयमा गठन हुने सबै तहका समिति तथा आयोगहरूमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न र यसरी महिला सहभागिता गराउँदा ग्रामीण महिलालाई प्राथमिकता दिने व्यवस्था हुनुपर्छ ।
- महिलाको नेतृत्व तथा पहलमा सञ्चालित परियोजनालाई राज्यले विशेष सुविधा प्रदान गर्ने नीति लिनुपर्छ ।
- वन र संरक्षित क्षेत्रलगायतका प्राकृतिक स्रोतबाट प्राप्त लाभको

बाँडफाँडमा हिस्सेदार हुन पाउने नागरिकको मौलिक हक सुनिश्चित गरिनुपर्दछ । यस्तो लाभमाथि सम्बन्धित समुदायका ग्रामीण महिलाको अग्राधिकार हुनुपर्छ ।

- कृषि र भूमिमाथि ग्रामीण महिलाको अधिकार सुनिश्चित गर्नुपर्छ । ग्रामीण महिलालाई भोकबाट मुक्त हुने आधारभूत अधिकारको उपभोग गर्न पाउने व्यवस्था हुनुपर्छ ।

युवा महिलाको सवाल

- उच्च शिक्षा निःशुल्क गरिनुका साथै शैक्षिक छात्रवृत्तिमा महिला आरक्षण हुनुपर्छ ।
- महिला हिंसा शोषण विरुद्ध कडा कारबाही हुनुपर्छ ।
- अपाङ्ग व्यक्ति, उत्पीडित, हिंसापीडित, द्वन्द्व पीडित महिलालाई राज्यको स्रोत साधनमा पहुँच दिलाउन विशेष प्राथमिकता दिनुपर्छ ।
- नीति निर्माण तहमा महिलाहरूको अर्थपूर्ण सहभागिता गराउने नीति अख्तियार गर्नुपर्छ ।

मानव बेचबिखनसम्बन्धी समस्या, चुनौती र सवालहरू

- बेचबिखनबाट प्रभावित महिलाहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र सुरक्षाको अधिकार सुनिश्चित गरिनुपर्दछ ।
- वैदेशिक रोजगारप्रति आकर्षण बढ्दै गएको परिप्रेक्ष्यमा विदेशमा महिलाहिंसामा पनि वृद्धि भइरहेको छ । यस स्थितिलाई गम्भीर रूपमा लिएर राज्यले उपचारका लागि कूटनीतिक अभ्यास थाल्नुपर्दछ ।
- महिला किनबेचमा सरिक व्यक्ति तथा दलाललाई आजीवन कारावासको सजाय हुनुपर्दछ । यस्ता अपराधीलाई संरक्षण दिने व्यक्तिलाई समेत कानुनी कारवाही तथा सामाजिक बहिष्कार गर्नुपर्दछ ।
- रोजगारीका लागि विदेश जानुपूर्व व्यक्तिलाई यातायात, रोजगारी र सुविधाका सम्बन्धमा पूर्ण जानकारी दिने व्यवस्था अनिवार्य गरिनुपर्छ ।
- रोजगारीका लागि बाहिर जाने व्यक्तिलाई आवश्यक सीप र ज्ञान दिलाउने

व्यवस्था हुनुपर्छ ।

**जीविकोपार्जनका सवालहरू र सामाजिक, आर्थिक एवम् राजनीतिक अधिकार (खाद्य सुरक्षामा महिलाको पहुँच र जीविकोपार्जनको सुनिश्चितता)**

- उत्पादनका स्रोत तथा साधनहरूमा महिलाको पहुँच बढाउन राज्य र राजनीतिक दलहरूको ध्यान केन्द्रित हुनु र सो अनुसारको रणनीति बनाउनु आवश्यक छ ।
- उत्पादनका स्रोत र साधनहरूको महिला तथा पुरुषमा समान वितरण हुनुपर्छ ।
- आर्थिक, सामाजिक, राजनीतिक कार्य र कार्यक्रम समन्वयात्मक ढङ्गले अघि बढाउनु र एकीकृत रूपमा लक्ष्यसम्म पुऱ्याउनु आवश्यक छ ।
- महिलाको सशक्तीकरण तथा सबलीकरणका लागि ज्ञान, चेतना र सीपको विकास गरी पितृसत्तात्मक संरचनाले सिर्जना गरेका व्यवधानको अन्त्य गर्नुपर्छ ।
- विदेशमा गई रोजगारी गर्ने महिलाका लागि सुरक्षित र स्वस्थकर वातावरण तयार पार्नका लागि सम्बद्ध निकाय सक्रिय हुनुपर्छ ।
- उद्योग, कृषि र विभिन्न प्रकृतिका व्यवसायमा रहेको नाफामुखी सोचमा परिवर्तन ल्याउनु आवश्यक छ । व्यापारमा विश्वव्यापारीकरण भएको परिप्रेक्ष्यमा महिला साधनका रूपमा प्रयोग भएका र नाफा आर्जन गर्ने यन्त्रसरह उपयोग गरिएकोमा कार्यशालाले गम्भीर चिन्ता व्यक्त गर्दै नेपाली महिलालाई यस्ता जोखिमपूर्ण कामबाट सुरक्षित गर्न सरकारले विशेष नीति अख्तियार गर्नु आवश्यक रहेको निष्कर्ष निकालेको छ ।
- बीउ बिजन तथा जैविक विविधतामा महिला र कृषकहरूको स्वामित्व सुनिश्चित हुनुपर्छ । बीउ बिजनका लागि परनिर्भर बन्दै गएको वर्तमान अवस्थामा परिवर्तन ल्याई आत्मनिर्भरमुखी नीति अख्तियार गर्नु र मौलिक उत्पादनमा सम्प्रभूसत्ता कायम हुनुपर्छ ।

## सम्पूर्ण क्षेत्रमा श्रमिक महिलाको सहभागिता नयाँ संविधानको पूर्णता

- श्रमिक महिलाले भेदभावरहित कार्यथलो र मर्यादित काम गर्न पाउनुपर्छ।
- कामको अवसर (कम्तीमा सबै क्षेत्रमा ३३ प्रतिशत) महिला सहभागिता अनिवार्य हुनुपर्छ।
- श्रमका हरेक क्षेत्रमा समावेशी तथा समानुपातिक सहभागिता हुनुपर्छ।
- महिलाले वंशको पूर्ण अधिकार पाउनुपर्छ।
- मातृत्व संरक्षणलाई संविधानमा मौलिक हकका रूपमा राखिनुपर्छ।
- सामाजिक सुरक्षाको व्यवस्था तथा व्यवसाय जन्य स्वास्थ्य सुरक्षाको सुनिश्चितता हुनुपर्छ।
- महिलाविरुद्धका सबै प्रकारका हिंसा अन्त्य गरिनुपर्छ र यसका लागि कानुनी व्यवस्था हुनुपर्छ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सवालहरू

- नेपाल अधिराज्यमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक सबै प्राकृतिक हुन्, उनीहरूलाई लैङ्गिक पहिचान अनुरूपको नागरिकता दिइनु पर्छ।
- शिक्षा, स्वास्थ्य र रोजगारीमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई विशेष व्यवस्था गरिनु पर्दछ।
- पैतृक सम्पत्तिमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको समान अधिकार हुनु पर्दछ।
- यौनिक तथा लैङ्गिक अलपसंख्यक वैवाहिक सम्बन्धलाई कानुनी मान्यता दिनुपर्छ।

## आवासको अधिकार र महिला

- भूमिहीन नागरिकलाई नागरिकता पाउन कठिन भएको र यो समस्या महिलालाई बढी परेको स्थिति छ, यसमा सुधार ल्याउनु आवश्यक छ।
- सुकुम्बासीहरू आधारभूत आवश्यकता र खास गरी जीविकोपार्जनको समस्यामा छन्। उनीहरूका लागि राज्यले तत्काल कार्यक्रम ल्याउनुपर्छ।
- राज्यले सुकुम्बासीका समस्यालाई पूर्णतः बेवास्ता गरेको छ। यसबाट

सर्वाधिक रूपमा महिला पीडित हुन पुगेका छन् । अतः राज्यले विशेष कार्यक्रम ल्याई यस समस्याको सम्बोधन गर्नु आवश्यक छ ।

- नयाँ नेपालको निर्माण सुकुम्बासीलाई बेवास्ता गरेर सम्भव छैन । यसलाई राज्यले महत्त्वका साथ हेर्नुपर्छ ।
- ग्रामीण सुकुम्बासी र सहरी सुकुम्बासीका समस्या भिन्नभिन्न छन् । उनीहरूका समस्यालाई भित्री तहसम्म पुगेर सम्बोधन गर्नु आवश्यक छ ।

दलित महिला आन्दोलनका मुद्दाहरू र सरोकार

- राज्यका हरेक निकायमा दलित महिलाको समानुपातिक प्रतिनिधित्वका लागि संवैधानिक र कानुनी व्यवस्था गरिनुपर्दछ ।
- संविधानमा राज्यले सम्पूर्ण नागरिकलाई सुनिश्चित गरेको मौलिक हक बाहेक छुवाछुत तथा त्यससँग सम्बन्धित सबै प्रकारका विभेद विरुद्धको मौलिक हक कायम गरिनु पर्दछ ।
- संघीय राज्य प्रणालीमा दलित समुदायका आर्थिक, राजनीतिक, प्रशासनिक र सामाजिक सांस्कृतिक समस्यालाई समाधान गर्ने समानुपातिक प्रतिनिधित्व सहित प्याकेज नीति संविधानमा नै व्यवस्था गर्नुपर्दछ ।
- जातपात छुवाछतलाई राज्य विरुद्धको अपराध, मानवता विरुद्धको अपराध र गम्भीर सामाजिक अपराधको रूपमा परिभाषित गर्दै यसका अपराधीहरूलाई कडा कानुनी कारवाहीको व्यवस्था गरिनु पर्दछ ।
- विशेष गरी दलित महिला विद्यार्थीका लागि निःशुल्क शिक्षा तथा उच्चशिक्षामा छात्रवृत्ति प्रदान गरिनुपर्छ । सबै प्राविधि शिक्षालयहरूमा दलित विद्यार्थीलाई २० प्रतिशत कोटा छुट्याइनुपर्छ र त्यसको आधा हिस्सा दलित महिलालाई दिइनुपर्दछ ।
- जल, जंगल, जमिनलगायतका सबै प्राकृतिक स्रोत साधनमाथि दलित महिलाहरूको पहुँच तथा सहभागिता सुनिश्चित गरिनुपर्दछ ।

महिला स्वास्थ्य अधिकार र अन्तरनिहित मुद्दाहरू

- नयाँ संविधानमा स्वास्थ्य नीतिलाई महिलामुखी बनाउनका लागि हेल्थपोष्ट, सबहेल्थपोष्टमा २४ सै घण्टा आकस्मिक सेवाको निःशुल्क व्यवस्था गर्ने

पूर्वाधार तयार पारिनुपर्छ ।

- स्वास्थ्य संस्थामा महिला स्वास्थ्यकर्मीको व्यवस्था, सबै क्षेत्रमा महिला स्वास्थ्यसम्बन्धी निःशुल्क शिविरको लागि आर्थिक स्रोतको व्यवस्था, हरेक नागरिकका लागि स्वास्थ्यविमाको व्यवस्था र महिलालाई उपयुक्त मानसिक स्वास्थ्य सेवा र परामर्श सर्वसुलभ तरिकाले उपलब्ध हुनुपर्दछ।
- स्वास्थ्योपचारमा बढी व्यापारीकरण र निजीकरणले गर्दा आम गरिब महिलाको लागि स्वास्थ्योपचार दुर्लभ हुन पुगेको छ । यस अवस्थामा सुधार आउनु आवश्यक छ ।
- महिलामा रहेको स्वास्थ्यसम्बन्धी ज्ञान एकआपसमा बाँडचुँड गर्ने वातावरण विकास गरिनुपर्छ ।
- महिलाको प्रजनन स्वास्थ्यका लागि राज्यले विशेष प्राथमिकता दिनु आवश्यक छ ।
- नेपाली जडीबुटीका बारेमा महिलालाई जानकारी दिने र त्यसको संरक्षण गर्ने कार्यक्रम ल्याउनुपर्छ ।

एचआइभी संक्रमित महिलाहरूका मुद्दाहरू

- एचआइभी संक्रमित महिला भएकै कारणले भेदभाव गर्नेलाई सामाजिक अपराधीको रूपमा कारबाही गरिनु पर्दछ ।
- एचआइभी संक्रमित महिलाको बालबच्चाको लागि विश्व स्वास्थ्य संगठनको मान्यता अनुसार आधारभूत आवश्यकता परिपूर्ति गरिनुपर्दछ।
- एचआइभी संक्रमितलाई हुन सक्ने अवसर संक्रमण (Opportunity Infection)का लागि राज्यले निःशुल्क स्वास्थ्य सेवा उपचारको व्यवस्था गर्नुपर्दछ ।
- संक्रमित महिलालाई विशेष गरी शैक्षिक योग्यताअनुसार रोजगारको व्यवस्था गरिनुपर्दछ ।
- एचआइभी र एड्स संक्रमित महिलाहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा), विमा तथा नागरिकता प्राप्तिमा विशेष सुविधाको व्यवस्था गरिनुपर्छ ।

- राष्ट्रिय नीति निर्माण गर्दा लागू औषध दुर्व्यसनी महिलाका भिन्न समस्या र आवश्यकतालाई सम्वोधन गर्नुका साथै उनीहरूलाई विशेष उपचार, पुनःस्थापना र सामाजिक प्रतिष्ठायुक्त सञ्जालको सदस्य बन्न अनुकूल वातावरण गयार पारिदिनुपर्छ ।

भूमिमा महिलाको अधिकार र महिला हिंसा

- महिला मुक्तिका लागि शिक्षा, सम्पत्ति र भूमिमाथिको अधिकार स्थापित गराउनुपर्छ । लैङ्गिक समानताका लागि देशभर एउटै धनी पुर्जा कायम गरी श्रीमान् श्रीमती दुवैको नाममा राख्ने व्यवस्था गरिनु पर्दछ ।
- महिलाको स्वामित्व भएको भूमिको तिरो चलनचल्तीको आधा मात्र हुनु पर्छ र महिलाको नाममा हक हस्तान्तरण गर्दा राजस्वमा ५० प्रतिशतमा छुट दिनु पर्छ ।
- महिलाको पहिचान स्थापित गर्न, महिलामाथिको हिंसाको अन्त्य गर्न तथा सामन्ती मानसिकता परिवर्तन गर्न नयाँ संविधानमा जल, जंगल जमिन लगायतका प्राकृतिक स्रोत र साधन तथा राज्यको स्रोत साधनमाथि महिला र पुरुष दुवैको समान पहुँच र नियन्त्रण स्थापित गरिनु पर्छ ।
- सबैजसो राजनीतिक दल, भूमिसुधारका निकाय र अन्य क्षेत्रले पनि किसान भन्नासाथ पुरुषलाई मात्र जनाउने गरेका छन् । यस्तो संरचनागत त्रुटि सच्चिनुपर्छ र किसान महिलाको पहिचान स्थापित गराउनुपर्छ ।
- विवाहपछि महिलाले पैतृक सम्पति फिर्ता गर्नुपर्ने वर्तमान व्यवस्था खारेज गर्नुपर्छ ।
- नयाँ सविधानमा भूमि अधिकारबाट वन्चितलाई पहुँचमा पुऱ्याउन खेती नगर्नेले जमिन राख्न नपाउने स्पष्ट व्यवस्था गरिनुपर्छ ।

| क्र.सं. | मिति | कार्यक्रम | उद्देश्य | समय/स्थान | सहभागी |
|---|---|---|---|---|---|
| १. | २०५५ फागुन २३ गते | प्रेस विज्ञप्ति जारी | कार्यशालाको कार्यतालिका नागरिक समाज र सञ्चारमाध्यमलाई प्रदान गर्ने | दिउँसो २ बजे, नेपाल ल क्याम्पस, प्रदर्शनी मार्ग | सञ्चारकर्मी, महिला मानव अधिकार रक्षक, नागरिक समाज, विद्यार्थी, गैर-सरकारी समूह/संस्थाहरू |
| २. | २०५५ फागुन २३ गते | उद्घाटन समारोह | महिला मानवअधिकारमा एकबद्धता जनाउन, सबै जनतालाई सामूहिक कार्यको लागि आह्वान गर्ने | दिउँसो ५.०० बजे, बसन्तपुर डबली | सञ्चारकर्मी, महिला मानव अधिकार रक्षक, नागरिक समाज, विद्यार्थी, गैर-सरकारी समूह/संस्थाहरू |
| ३. | २०५५ फागुन २४ गते | सैद्धान्तिक तथा महिलालाई सम्बन्धित मुद्दाहरूमा कार्यशाला गोष्ठी<br>▪ भूमिमा महिला अधिकार र महिला हिंसा | विभिन्न मुद्दाहरूमा जस्तै स्वास्थ्य, भूमिमा अधिकार आदिमा महिलाको अधिकार बारेमा सचेतनात्मक छलफल गर्ने । | बिहान १०.००-१२.०० बजेसम्म र १२.००-२.०० दिउँसो बजेसम्म स्टाफ कलेज | सञ्चारकर्मी, महिला मानव अधिकार रक्षक, नागरिक समाज, विद्यार्थी, गैर-सरकारी समूह/संस्थाहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ■ संविधानमा समावेश गरिनु पर्ने सवालहरू<br>■ महिला सुरक्षा<br>■ [illegible] महिलाहरूको सवाल<br>■ एचआइभी संक्रमित महिलाहरूका मुद्दाहरू<br>■ मौलिक अधिकार-आरक्षण सम्बन्ध<br>■ [illegible] महिलाहरूको पहुँच, पहिचान र प्रतिनिधित्व<br>■ अल्पसंख्यक अधिकार र महिला<br>■ नयाँ संविधानमा दलित महिलाहरूको सवाल<br>■ पाठेघर खस्ने समस्या र महिला अधिकार<br>■ महिला स्वास्थ्य अधिकार र यस सम्बन्धित मुद्दाहरू<br>■ महिला हिंसाको घटना न्यूनीकरणसम्बन्धी अन्तर्क्रिया कार्यक्रम<br>■ [illegible] संविधानसम्बन्धी समस्या, चुनौती र समाधानहरू | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | २०५४ फागुन २४ गते | ■ वैकल्पिक मनोरञ्जनका साथै महिला आन्दोलन सम्बन्धी फोटो प्रदर्शनीको उद्घाटन<br>■ सामाजिक, सांस्कृतिक रचनात्मक र महिला अभियान "स्टिकर" को विमोचन<br>■ धार्मिक महिला भिक्षुको र नक्सा प्रतिज्ञा पत्र वाचन | नेपालमा महिला आन्दोलनको सम्भावना र विचारको अभिव्यक्तिकरण गर्ने<br>■ महिलाको सामाजिक सरोकारका सवालमा चेतना अभिवृद्धि गर्ने<br>■ संगीतको माध्यमबाट वर्तमान विकृतिहरूका संरचनालाई चुनौती दिन | दिउँसो २ बजे राष्ट्रिय सभागृह | प.प.न.र. स्वास्थ्य परामर्शकर्ता, सञ्चार प्रतिनिधि, राजनैतिक पार्टीका प्रतिनिधि, प.प.न.र., गैर-सरकारी संस्था, परामर्शकर्ता, सरकारी संस्था, विद्यार्थी |
| ५. | २०५४ फागुन २४ र २५ गते | वैकल्पिक मनोरञ्जनका साथै महिला आन्दोलन विषयक चलचित्र प्रदर्शनी, फोटो प्रदर्शनी | महिलाको विकास निर्माण र महिला अधिकारको प्रवर्द्धनका साथै प्रवाहको सोपानलाई उठानको रूपमा प्रस्तुत | बिहान १० बजेदेखि साँझ ६ बजेसम्म, स्टाफ कलेज जावलाखेल | सञ्चार प्रतिनिधि, राजनैतिक पार्टीका प्रतिनिधि, प.प.न.र., गैर-सरकारी संस्था, विद्यार्थी, परामर्शकर्ता, सरकारी संस्था, |
| ६. | २०५४ फागुन २५ गते | अभियान सम्बन्धित तस्वीरहरू सम्माननीय प्रधान मन्त्री ज्यूबाट बालबालिकालाई तस्वीरहरू | महिलाका विविध मुद्दाहरूलाई उजागर | बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म | " " |
| ७. | २०५४ फागुन २५ गते | समापन समारोह | रा.प.स.प.को घोषणा पत्रको पारित गर्ने | दिउँसो २ बजेदेखि साँझ ६ बजेसम्म | " " |